
# अनागतवंस

## (अनागतवंश)



आर्य मैत्रैय बोधिसत्त्व

Downloaded from http://www.dhamma.digital

सत्यसन्देश प्रचारक प्रकाशन - ६

# अनागतवंस
## (अनागतवंश)

मूल नेपाल भाषा अनुवादक
**ऊ. भिक्षु प्रज्ञानन्द**

नेपाली अनुवादक
**भिक्षु संघरक्षित, संघाराम**

Dhamma.Digital

सत्यसन्देश प्रचारक प्रकाशन
Kathmandu Nepal
Spiritual Preaching Publication

सम्पादक
**भिक्षु शोभन**

प्रकाशक
**बेतिमाया शाक्य परिवार**
**मानभवन, ललितपुर ।**

Downloaded from http://www.dhamma.digital

प्रकाशक
**बेतिमाया शाक्य परिवार**
**मानभवन, ललितपुर ।**

नेपाली प्रथम संस्करण : १००० प्रति

| | |
|---|---|
| बुद्ध संवत् | २५४५ |
| नेपाल संवत् | ११२१ |
| विक्रम संवत् | २०५८ |
| ईस्वी संवत् | २००१ |

सब्ब दानं धम्म दानं जिनाति

| | | |
|---|---|---|
| कम्प्यूटर टाइप | : | भिक्षु शोभन, श्री सुमंगल विहार |
| आवरण चित्र | : | भिक्षु शोभन, |
| कम्प्यूटर ले-आउट | : | धर्मरत्न शाक्य<br>न्याखाचोक, तंचाको, ललितपुर ।<br>फोन नं. ५३४६८२ |

मुद्रक **सिद्धार्थ प्रिन्टिङ्ग प्रेस**
**कनिबहाल, ललितपुर**
**फोन नं.: ५४०५४९**

Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

यो अनागतवंस *(अनागतवंश)* भविष्यमा उत्पन्न हुने दस बुद्धहरूको  वर्णन भएको पुस्तक हो । यो पालि भाषामा गद्य र पद्यको मिश्रणको रूपमा लेखिएको हो । शाक्यमुनि बुद्ध र धर्मसेनापति सारिपुत्रको बीचमा सम्वादको रूपमा लेखिएको  छ । ग्रन्थको प्रारम्भमा भविष्यमा हुने दस बुद्धहरूको नाम यसरी दिइएको पाइन्छ – (१) मैत्रेय, (२) राम, (३) कोसल नरेश प्रसेनजित, (४) अभिभू देवपुत्र (५) दीर्घश्रोणि, (६) चङ्गी, (७) शुभ, (८) तोदेय्य ब्राह्मण, (९) नालागिरि र (१०) पारिलेय्य । उहाँ बोधिसत्त्वहरूले क्रमश: भविष्यमा सम्बोधि *(बुद्धत्व)* प्राप्त गर्ने छन् । अनागतवंसमा यी दस बोधिसत्त्वहरूको वर्णन भए पनि विशेष गरी मैत्रेय बोधिसत्त्वको विस्तृत रूपमा वर्णन पाइन्छ ।

यो भद्र कल्पमा पाँचौ अन्तिम बुद्धको रूपमा उहाँको उत्पन्न हुनेछ । हाल उहाँ तुषित देवलोकमा धर्मको व्याख्यान गरिरहनु भएको छ भनि विश्वास गरिन्छ । बौद्ध साहित्यमा मैत्रेयको अर्थ मैत्री भएको वा मित्रता पूर्ण व्यवहार गर्ने अर्थमा लिइन्छ । त्रिपिटक साहित्यमा दीघनिकायको चक्कवति-सूत्रमा पनि उहाँको बारे विवरण पाइन्छ । बौद्धहरू मैत्रेय बुद्ध हुने बेलामा उहाँको धर्मउपदेश सुनी मार्ग र फल प्राप्त गरी जीवन मुक्त हुने प्रार्थना गर्दछन् । यो जन्ममा मार्ग र फल प्राप्त गर्न नसक्नेले बुद्ध, धर्म, संघ (त्रिरत्न) प्रति श्रद्धा राखी जसले दान दिन्छन्, शील पालन गर्छन्, भावना आदि अभ्यास गर्छन् तिनीहरूले भविष्यमा मैत्रेय बुद्धको समयमा मनुष्य जन्म ग्रहण गरी मार्ग र फल प्राप्त गर्नेछन् भन्ने कुरा  यो पुस्तकमा उल्लेख भएको पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

भविष्यमा बुद्ध हुने मैत्रेय नेपाली बौद्धहरूका लागि अत्यन्त लोकप्रिय एवं पूज्य बोधिसत्त्व हो । नेपालको विभिन्न सम्प्रदायमा पनि उहाँलाई श्रद्धा पूर्वक पूजा गर्छन् । शाक्यमुनि बुद्ध पछि मैत्रेय बोधिसत्त्वको रुपमा नेपालीहरूले अत्याधिक रूपमा मान्दछन् । विभिन्न जनजातिहरूमा बुद्धधर्मप्रतिको आस्था र जागरण आएको सन्दर्भमा प्रस्तुत पुस्तकको महत्व अझ बढ्ने आशा गर्न सकिन्छ ।

यो अनागतवंसको नेपाली अनुवाद संघमहानायक प्रज्ञानन्द महास्थविरको नेपाल भाषामा प्रकाशित द्वितीय संस्करणको आधारमा आयुष्मान् भिक्षु संघरक्षितले गर्नु भएको हो । मैले यसमा संशोधन, परिमार्जन गरी पाठकको सुविधाकोलागि बोधिनी परिशिष्टको रूपमा थपेको छु । यसबाट पाठकवर्गमा बुद्धधर्मसम्वन्धी केही कठिन शब्दहरू बुझ्नलाई सजिलो हुने छ भनि ठानेको छु ।

प्रस्तुत अनागतवंसको पालि मूल प्रति अगाडि राखी सम्पादन गर्न सकिएन तसर्थ यसमा केही कुरा चाहेर पनि थप घट गर्न असमर्थ भएको छु । यसमा नेपाल भाषाको अनागतवंस सम्वन्धी अनुवाद मात्र सम्पादन गरेको छु । व्यस्त र कम समयमा प्रस्तुत पुस्तकको अन्तिम प्रारूप सम्पन्न गर्नु पर्ने भएकोले यसमा केही त्रुटि वा अशुद्धि हुन सक्छ । त्यसको लागि पाठक वर्गमा क्षमा प्रार्थी छु ।

यसको मूल नेपालभाषा अनुवादक पूज्यपाद संघमहानायक प्रज्ञानन्द महास्थविरप्रति कृतज्ञता प्रकट गर्नु मेरो प्रथम कर्तव्य ठान्दछु । मेरा श्रद्धेय आचार्य गुरु बुद्धघोष महास्थविर भन्तेले आवश्यक सल्लाह र सुझाव दिनुभएकोमा उहाँप्रति कृतज्ञ छु । नेपाली भाषामा अनागतवंस प्रकाशन गर्नको निम्ति श्रद्धेय धम्मपाल भन्तेले दिनु भएको अनुमतिको लागि उहाँप्रति आभार व्यक्त गर्दछु । कम समयमा नेपालीमा अनुवाद गर्ने आयुष्मान् भिक्षु संघरक्षितलाई साधुवाद छ । मलाई सम्पादन कार्यमा सहयोग पुऱ्याउनु हुने बौद्ध

Downloaded from http://www.dhamma.digital

विद्वान उपासक दुण्डबहादुर बज्राचार्य र इतिहासविद् श्री भूवनलाल प्रधानज्यूलाई र यस पुस्तकलाई कम्प्यूटर ले-आउट गरिदिनु हुने श्री धर्मरत्न शाक्यलाई पनि धन्यवाद छ।

प्रकाशिका बेतिमाया उपासिका प्रमुख उहाँको परिवारले श्रीमान् तथा बुबा चिरीकाजी शाक्यको निर्वाण कामनार्थ यो पुस्तक प्रकाशन गर्नमा लाग्ने सम्पूर्ण व्यय भार बहन गरी दिनु भएकोमा उहाँ लगायत उहाँको परिवारलाई साधुवाद छ।

अन्तमा यो पुस्तक पढी बोधिसत्त्वप्रति श्रद्धा उत्पन्न गरी पुण्य संचय गर्ने प्रेरणा जागोस् भनि विज्ञ पाठकमा शुभकामना व्यक्त गर्दछु। अस्तु !

असोज १, २०५८
**श्री सुमंगल विहार**

सम्पादक
**भिक्षु शोभन**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# निर्वाण कामना

यो अनागतवंश किताव पूज्यपाद अखिल नेपाल भिक्षु महासंघको आजीवन धम्मानुशासक अग्गमहापण्डित संघ महानायक ऊ. प्रज्ञानन्द महास्थविरले नेपाल भाषामा अनुवाद गरी वि.स. २००९ सालमा प्रथम संस्करण भएको थियो र दोस्रो संस्करण वि.स.२०५० सालमा सानुमाया र बेतीमाया शाक्यले दोस्रो पटक प्रकाशनमा ल्याउनु भएको थियो।

एक दिन पुल्चोक घरमा बुद्धघोष भन्ते र शोभन भन्ते भोजनमा पाल्नु हुदाँ आमा *(बेतिमाया)* ले भन्तेहरूलाई एक एक प्रति 'अनागतवंस' किताव दान दिनु भयो। बुद्धघोष भन्तेले अनागत *(भविष्य)* मा हुने बुद्धको विषयमा केही कुरा भन्नुभयो र केही समय छलफल पनि भएको थियो। अरु भन्तेलाई नेपाली भाषामा अनुवाद गराई दिन मैले शोभन भन्तेलाई अनुरोध गरे। शोभन भन्तेले पनि संघरक्षित भन्तेलाई भनि अनुवाद गराउनु लगाउनु भएछ। नेपाल भाषा *(नेवारी)* मा अधिक जनसंख्याले नबुझ्ने भएको हुदा नेपालीमा अधिक जनसमुदायले बुझुन भनेर नेपाली भाषमा हामीले यस कितावलाई छाप्नकोलागि तम्सेका हौ। आशा छ कि अनागतमा हुने मैत्री बुद्धको विषयमा भगवान् गौतम बुद्धले भविष्यवाणी गर्नु भएको कुरा यो किताव पढेर भविष्यमा के कस्तो हुनेछ भनेर जान्न सक्ने छन् भन्ने आशा छ।

संघरक्षित भन्तेले पनि दिक्क नमानि चाडैं नै अनुवाद गरी दिनु भएकोमा उहाँ प्रति हामी आभारी छौं, साथै सम्पूर्ण

Downloaded from http://www.dhamma.digital

जिमेवारी लिएर यस किताबलाई कम्प्युटर टाईप गरी, भाषा संसोधन तथा सम्पादन गरी प्रेसमा धाईदिने शोभन भन्ते प्रति पनि हामी आभारी छौं।

साथै अन्तमा स्व.अग्गमहापण्डित संघ महानायक ऊ. प्रज्ञानन्द महास्थविर तथा बुबा चीरिकाजी शाक्यको निवार्ण कामना गर्दै दुई शव्द यही समाप्त गर्दछौ, सबैको मंगल होस।

भवतु सब्ब मंगलं !

११-१-२०५८ | बेतिमाया शाक्य परिवार,
मानभवन

असोज १, २०५८

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# मेरो आफ्नो भन्नु

कपिलवस्तुका राजकुमार सिद्धार्थले वृद्ध, रोगी, मृतक एवं श्रमण वस्ता चार संवेगनीय दृश्य दृष्टिगत गर्नुभई उहाँ बैराग्य हुनुभयो । एउटा राजकुमार भएर पनि, भविष्यका सुनिश्चित राजा भएर पनि भौतिक सुखसयलप्रति पटक्कै नलागी उहाँ गृहत्यागी चीवरधारी हुनुभयो । तत्पश्चात् दुःखमुक्ति एवं ज्ञानप्राप्तिको लागि अनेक संघर्ष गर्नुभयो । तत्कालीन कहलिएका नामुद विद्वान्हरूद्वारा योग विद्या जस्ता विविध विद्या सिक्नुभयो, दुष्करभन्दा दुष्कर तपस्यामा लीन हुनुभयो तर ज्ञान प्राप्त संभव भएन । तत्पश्चात् उहाँले मध्यम प्रतिपदासँगै चित्त एकाग्रता एवं ध्यान भाविता गर्नुभई बुद्धत्व ज्ञान प्राप्त गर्नुभयो । उहाँ बुद्ध हुनुभयो । प्राप्त ज्ञानलाई आजीवन *(४५वर्षसम्म)* गाउँ-गाउँमा, नगर-नगरमा र देश-देशान्तरमा चारिका गर्नुभई बहुजन हिताय बहुजन सुखायका निम्ति प्रचार-प्रसार गर्नुभयो । उहाँको ज्ञान अत्रयन्त गम्भीर थियो, अत्रयन्त सूक्ष्म थियो । मिथ्याभिमानीहरूले यसलाई देख्न र बुझ्न पनि सक्तैनथें ।

उहाँको सम्पूर्ण उपदेश भूत, भविष्य र वर्तमान अन्तर्गत नै पर्दछ । यस्तैमध्ये, भगवान् बुद्ध कपिलवस्तुको निग्रोधाराममा हुँदा गौतमी महारानीले दुइटा सुवर्णमय चीवर बुद्धसमक्ष दान गरिन् किन्तु बुद्धले एउटा चीवर ग्रहण गर्नुभई अर्को चीवर संघलाई दिन आज्ञा गर्नुभयो । तत्क्षणमा अजित स्थविरले उक्त चीवर ग्रहण गर्नुभयो । अन्य भिक्षुहरूमा खलबल मच्चियो, तब शंका निवारणार्थ भगवान् बुद्धले कृपापूर्वक आफ्ना अग्रश्रावक सारिपुत्र स्थविरलाई भविष्यका दश बुद्ध-बोधिसत्त्वहरूका बारेमा भन्नुहुँदै यी अजित स्थविर भविष्यका 'मैत्रेय तथागत' हुन् भनी उद्‌गार प्रकट गर्नुभयो । उहाँ मैत्रेय तथागत यसै भद्रकल्पमा पाँचौ अन्तिम बुद्धको रूपमा

Downloaded from http://www.dhamma.digital

उत्पन्न हुनेछन् । हाल उहाँ तुषित देवलोकमा रहनु भएको विश्वास गरिन्छ ।

हुनत, वर्तमान बाहेक परलोक र पूर्वजन्म नमान्ने व्यक्तिहरू पनि यो संसारमा छरिपुष्ट छन् । यस्ता व्यक्तिहरू स्वयं भगवान् बुद्धको पालामा पनि थिए, हाल पनि विद्यमान छन् र पछि-पछि पनि अवश्यमेव हुनेछन् । यसको प्रमुख कारण त मान्छेपिच्छेको मतभिन्नता एवं चित्तको असमानता नै हो । मिथ्यादृष्टिरहित् ज्ञानी मान्छेहरू यस्ता कामकुरामा अल्भेर बस्दैनन्, बरू जीवनका प्रत्येक पक्षबाट शिक्षा आर्जन गर्दै जीवन सार्थक सफल बनाउँदछन् ।

झण्डै वर्षदिन अगाडीको कुरा हो, शोभन भन्तेले 'अनागतवंस' पुस्तक देखाउनुभयो र अनुवादको लागि भन्नु भयो । पहिला नहेरेको नदेखेको त्यो पुस्तक पढ्दै गएं, अति राम्रो र शिक्षात्मक लाग्यो । अनुवाद गर्ने क्रममा अझ गहिरिएर अध्ययन गर्ने र बुझ्ने मौका पाएं । यस्तो लाग्यो, सद्धर्मका विपरीत पापकार्यमा संलग्न प्रत्येक व्यक्तिलाई यो एउटा सावधान गर्ने, भयभीत तुल्याउने साधन पुस्तिका हो , जीवनको यथार्थताप्रति सजग सचेत गराउने माध्यम पुस्तिका हो । सोच्न बाध्यै भएं, आजको कोलाहलपूर्ण परिवेशमा, शस्त्र-अस्त्रको होडबाजीपूर्ण अवस्थामा जताततै मानवीय मूल्य र मान्यता नगण्य बनी अशान्ति र त्रासदिले च्यापिएको परिस्थितिमा यसानुरूप अनागतवंस पुस्तक यत्रतत्र प्रशस्त प्रचार प्रसार हुनु अति तड्कारो छ । धर्मप्रति अनास्था जगाई ज्ञानचक्षुबाट बञ्चित रहेर, मात्र चर्मचक्षुले भौतिक संसार अवलोकन गर्नमा अमूल्य समय व्यर्थ फाल्ने समूचा मानवलाई, विशेषतः युवापिढिलाई यो पुस्तक वास्तवमै लाभप्रद हुनसक्ने बलियो विश्वास गरिन्छ ।

प्रस्तुत अनागतवंस पुस्तक दिवंगत ऊ. प्रज्ञानन्द महास्थविरले नेपालभाषामा बि.सं. २००९ सालमा प्रकाशित गर्नुभयो । यस प्रथम संस्करणका प्रकाशक योगवीर सिंह वज्राचार्य

Downloaded from http://www.dhamma.digital

थिए । त्यस्तै, किताबको प्रसिद्धि एवं अभावका कारण पुन: सानुमाया, बेतिमाया शाक्यहरूबाट वि.सं. २०५० अक्षय तृतीयामा द्वितीय संस्करण निस्कियो । अझ पनि पुस्तकको अभाव एवं नेपालीभाषा मात्र बुझ्नेहरूको समस्यालाई पनि निराकरण हेतु अनुवादित यो पुस्तिकालाई आकर्षक एवं बोधगम्य तुल्याउन सम्पादनको भार वहन गर्नुहुने शोभन भन्ते प्रति कृतज्ञता प्रकट गर्दछु । वास्तवमा, यो पुस्तक अनुवादन एवं प्रकाशनका मूल प्रेरणास्रोत एवं श्रेयदाता नै उहाँ हुनुहुन्छ । आउंदा दिनहरूमा पनि उहाँबाट यस्तै आवश्यक सहयोग, सल्लाह र सुझावको अपेक्षा राख्दछु ।

पुस्तकको स्तरीयता कायम गर्न भरमग्दूर प्रयत्न गर्नुहुने बौद्ध विद्वान् श्री दुण्ड बहादुर वज्राचार्य एवं श्री भुवनलाल प्रधानहरूमा हार्दिक साधुवाद व्यक्त गर्दछु । नेपालभाषाको यस पुस्तकको द्वितीय संस्करण गर्नुहुने बेतिमाया शाक्य परिवारबाट यस पुस्तकको पुन: नेपालीभाषा प्रथम संस्करण प्रकाशनमा पनि आर्थिक भार वहन गर्नुभएकोमा सुखी, निरोगी र जयमंगलको कामना गर्दछु ।

अन्तमा, यस पुस्तकका नेपालभाषा अनुवादक पूज्यपाद संघमहानायक अग्गमहापण्डित दिवंगत ऊ. प्रज्ञानन्द महास्थविरको सद्‌गति एवं सम्पूर्ण दु:खबाट मुक्त निर्वाणको कामना गर्दछु । यस पुस्तकको अध्ययन एवं चिन्तन मननद्वारा धेरैले सद्धर्म विषयक धेरै ज्ञान हासिल गरी जीवनको सही एवं यथार्थ मार्ग अवलम्बन गर्नेछन् भन्ने कुरामा हामी आशावादी छौं ।

सब्बे सत्ता भवन्तु सुखितत्ता !

१ आश्विन २०५८
संघाराम बिहार, ढल्को ।

*अनुवादक*
**भिक्षु संघरक्षित, संघाराम**

Downloaded from http://www.dhamma.digital

# अनागतवंस

## (अनागतवंश)

**मेत्तेय्यो उत्तमो रामो पस्सेनो कोसलोभिभू ।**
**दीघसोनिच चंकिच सुभो तोदेय्य ब्राह्मणो ॥**
**नालागिरि पललेय्यो बोधिसत्तो इमे दस ।**
**अनुक्कमेन सम्बोधिं पापुणिस्सन्तिनागते ॥**
**मेत्तेय्यो नामजितोच रामोच रामसम्बुद्धो**
**कोसलो धम्मराजाच धम्मसामिभिभूबुद्धो ॥**
**नारदो दीघसोनिच चङ्की रंसि मुनि तथा ॥**
**सुभोदेव देव देवोतोदेय्यो नरसीहको ॥**
**तिस्सोनाम धनपालो पालिलेय्यो सुमङ्गलो ।**
**एते दस बुद्धानाम भविस्सन्ति अनागते ॥**

परमोत्तम भइरहने मैत्रेय बोधिसत्त्व रामराजा, प्रसेनजित् कोशल राजा, अभिभूदेवता, दीर्घश्रोनी नामक राहु असुन्द्रर, चङ्की शुभ माणवक, तोदेय्य ब्राह्मण, नालगिरि हात्ती, पारिलेय्य गजराज यी दस बोधिसत्त्वहरूले क्रमशः अनागत *(भविष्य)* मा सर्वज्ञज्ञान प्राप्त गरी सम्बुद्ध हुने छन् ।

Downloaded from http://www.dhamma.digital

अजित स्थविर मैत्रेय भन्ने बुद्ध हुनेछन्, रामराजा-राम सम्बुद्ध हुनेछन्, पसेनदी कोशल राजा-धम्मराज बुद्ध हुनेछन्, अभिभू नामक देवराजा-धम्मसामि बुद्ध हुनेछन् । दीघसोनी भन्ने राहु असूर-नारद बुद्ध हुनेछन् । त्यस्तै, चङ्की *(चण्डनि)* ब्राह्मण-रंसीमुनि बुद्ध हुनेछन् । तोदेय्य ब्राह्मण-नरसिंह बुद्ध बन्नेछन् । धनपाल हात्ती-तिस्स नामक बुद्ध हुनेछन् । पारिलेय्य गजराज-सुमङ्गल बुद्ध बन्नेछन् । यी दस अनागत कालमा बुद्ध हुनेहरूका नाम हुन् । यी कुरा कहाँ विहार गरीरहनुहुँदा भगवान्ले आज्ञा गर्नुभयो त ?

सर्वज्ञ बन्नुभएका तथागत गौतम बुद्ध राजगिरि वेलुवन विहारमा बसिरहनुभएको अवस्थामा अजातशत्रु राजाकी महारानी कञ्चन देवीको गर्भमा प्रतिसन्धि भएको दस महिनापछि राजकुमारको जन्म भयो । उक्त कुमार भविष्यमा अजित नामले प्रसिद्ध भए ।

अजित कुमारको परिवारमा पाँचसय राजकुमारहरू थिए । सोह्र वर्षको उमेरमा उनको पिता राजा अजातशत्रुले तथागतबाट अंश *(दायाद)* प्राप्त गर्ने कामनाले आफ्नो पुत्रलाई आवश्यक कुरा सुनाए । सुनाइसकेपछि अनेकानेक भोजन अष्टपान, चीवर-वस्त्रादि, दानदातब्य वस्तुहरू धेरै नै बोक्न लगाए । पुनः वेलुवन विहार जाने मार्गलाई पनि सफा-सुग्घर गर्न आज्ञा दिई राम्रो, अलंकृत बनाइसकेपछि घोडा, हात्ती, रथ, पैदल फौज, मन्त्री, भारदार, महाजन, ब्राह्मणहरू आदि पाँच सय राजकुमारका साथ अजित कुमार वेलुवन विहारको सहि दिशातिर अग्रगामी भए ।

Downloaded from http://www.dhamma.digital

क्रमशः विहारमा पुगेर उनी आवश्यक दान-प्रदान सम्पन्न गरी तथागतसमक्ष बुद्धशासनमा प्रव्रजित भए ।

अजित कुमार अत्यन्त धेरै तीक्ष्ण प्रज्ञा-ज्ञानले पूर्ण भएकै कारणले उनी लोकमा अजित स्थविर नामले प्रख्यात भए । एक दिन तथागतले उनी अजित स्थविरलाई सम्बोधन गर्नुभएपछि राजगिरि नगरबाट कपिलवस्तु महानगरतिर प्रस्थान गरी निग्रोधाराम विहारमा बस्नुभयो । त्यसै समयतिर प्रजापति गौतमी महारानीले तथागतलाई सुर्वण-वर्ण चीवर प्रदान गर्ने दृढताले मनमा श्रद्धा चित्त उत्पन्न गरीकन अत्यन्त उत्तम रातो सुवर्ण-चूर्ण माटोमा समिश्रण गरी, सुवर्णको भाँडा निर्माण गर्न लगाइन् । उचित तवरले मिलाइसकेपछि गौतमी महारानीले कपासको बीज हातमा समाई महोत्तम कपासको बोट उम्रोस् भनी सत्य- अधिष्ठानका साथ प्रत्यारोपण गरिन् । समय भएपछि कपासको बोट उम्रियो । उक्त कपासबोटको फूल, मानौं लाहुरे फूल समान भयो । त्यसको बोटवर्ण पनि माणिकसमान थियो । जब कपास फुलेर आयो तब गौतमी महारानीले स्वयं आफ्नै हातले टिपिन र धागो कातिन सुवर्णको भाँडामा राखी आफ्नै हातले कपास केलाइन्, सुर्वणमय धागो बनाई अति नै मसिनो हुने गरी धागो कातिन् । तत्पश्चात् महारानीले राम्ररी शुद्ध रूपले कपडा बुन्न जान्ने जुलाहलाई बोलाइन् , भोजन अष्टपानादि घिउ, सख्खर खुवाइपिलाई वस्त्रालंकारले पनि शोभायमान् बनाइन् । कपडा बुन्ने कारखानामा पनि श्रीखण्ड चन्दन छर्न लगाई दश जना ज्यामीहरू निरन्तर राखी बुन्न लगाइन् । तब, त्यहाँ लम्बाइबाट

Downloaded from http://www.dhamma.digital

चौध हात तथा चौडाइबाट सात हात भएको कपड़ा एक थान तयार भयो । उक्त कपड़ा अत्यन्त जाज्वल्यमान रेशमको कपड़ासमान नै शोभायमान थियो । पुनः त्यस्तै थप एकथान पनि तयार गराइसकेपछि उक्त दुई थान कपड़ालाई सुवर्ण *(माणिक)* को बट्टामा राखी सुगन्धित मालादि पुष्प, धूप साथमा बोक्न लगाई महारानीले जुन् चीवर भएको सुवर्ण बट्टा हो, आफ्नो टाउँकोमा राखिन् । तब, नाना प्रकारका दानादि बस्तुहरूसहित ध्वजा पताकादि फरफराई पाँच सय शाक्य राजकुमार-राजकुमारीहरूद्वारा घेर्न लगाएर महारानी गौतमी निग्रोधाराम बिहारतिर अघि बढिन् ।

त्यस बेला तथागत जसरी तारागणद्वारा परिक्रमित भएर निस्कने चन्द्रमा हो, त्यसै अनुरूप असंख्य भिक्षुहरूद्वारा परिक्रमित हुनु भई **छ प्रकारका रश्मि** प्रसारगरी सुवर्णमय बुद्ध-आसनमा विराजमान रहनुभएको थियो ।

सम्पूर्ण सामग्रीका साथ महारानी गौतमी निग्रोधारामा पुगिन् । तथागतलाई सबैले अनुकूल स्थानमा बसेर **पञ्चाङ्ग वन्दना** गरे । तब, तथागतको अत्यन्त श्रीशोभायमान् तथा जाज्वल्यमान तेज फैलिरहेको अनुपम दृश्य देखेर प्रसन्नतापूर्वक सुवर्ण बट्टामा राखिएको सुवर्ण-वर्णका दुइटै चीवर हातमा राख्दै महारानीले यसो बिन्ती गरिन्- "भो भगवान् ! छ प्रकारका महा **श्रीभाग्यले** सम्पन्न भएका तथागत हजुर नै हुनुहुन्छ । भगवान्लाई भनी म, सेविका स्वयं आफैले

Downloaded from http://www.dhamma.digital

नै शुद्ध रूपले तयार पारिल्याएको यी चीवर भगवान्ले अनुकम्पा राखी ग्रहण गर्नुपर्‍यो ।"

त्यस बखत एउटा चीवर तथागतले स्वीकार गरी ग्रहण गर्नुभयो । अर्को चीवर भने भिक्षुसङ्घलाई प्रदान गर्ने आज्ञा गर्नुभयो । महारानी गौतमीलाई भने दुइटै चीवर तथागतलाई प्रदान गर्ने तीब्र इच्छा थियो । तर पनि तथागतले दुई-तीन पटकसम्म सङ्घलाई प्रदान गर, **सङ्घे दिन्नं महप्फलं** अर्थात् 'भिक्षुसङ्घलाई दान गर्नु महोत्तम फल प्राप्त हुन्छ' भनी प्रकाश पार्नुभयो ।

तथागतको वचन उल्लंघन गर्न गौतमी महारानीले नसकेर उक्त कुरा स्वीकार गरी सुवर्ण चीवर एउटा भिक्षुसङ्घलाई प्रदान गरिन् । तर, यस्तो बेला जुन असीजना महास्थविर अन्य भिक्षुहरू हुन्, कसैले पनि ग्रहण गर्न सकेनन्, सबै शङ्कोच मानिरहेका थिए ।

त्यस अवस्थामा मैत्रेय बोधिसत्त्व हुने अजित स्थविरले भिक्षुहरूको बीचमा नै रहेर यस्तो विचारमा मग्न भए-सर्वज्ञ तथागतले आफ्नी सानीमाँ गौतमी महारानीलाई बृहत् महप्फल प्राप्त गराउनकै लागि यसरी आज्ञा गर्नुभएको हो । यसरी जानेर पुरुषोत्तम बोधिसत्त्व भए पनि सिंहराजसमान यत्किञ्चित् पनि कम्पायमान् नभई स्थविरले उक्त सुवर्णमय चीवर ग्रहण गर्नुभयो ।

भिक्षुहरूमा खैलाबैला भयो । उनीहरू एक अर्कालाई हेरेर कुरा गर्न थाले – "जुन चीवर ग्रहण गर्न

Downloaded from http://www.dhamma.digital

असीजना महास्थविरहरू पनि लज्जित भए, फेरि अन्यान्य भिक्षुहरूले पनि ग्रहण गर्नमा लाज माने, उक्त चीवर एकजना साधारण भिक्षुले ग्रहण गऱ्यो ।"

उक्त कुराकानी तथागतले सुन्नुभई सम्पूर्ण परिषद्‌तिर हेर्नुभयो । करुणपूर्वक सबैको मनका संशय निवारणगर्नाका लागि तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो- "हे भिक्षुहरू ! यी भिक्षुलाई साधारण भिक्षु कै रूपमा लिएर कुरा नगर । यी भिक्षु अरू होइन, 'बोधिसत्त्व' **दशपारमिता**लाई पूर्ण गर्दै आएका भिक्षु हुन् । जस्तो बादलले छेकिएको सूर्य, भुङग्रे आगो हो, त्यस्तै नै मनुष्य लिङ्गले परिपूर्ण भएर भविष्य कालमा यी भिक्षु मैत्रेय तथागत बन्ने छन् ।" यसरी तथागतले आज्ञा गर्नुभई पुनः आनन्द स्थविरलाई सम्बोधन गर्नुभयो र तथागतको पिण्डपात्र लिन जाने आज्ञा दिनुभयो ।

**आनन्द स्थविर**ले पनि **चतुर्महाराज** *(देवता)* हरूले प्रदान गरेको चार तह काठ भएको मणि पिण्डपात्र ल्याएर तथागतलाई दिए । तथागतले पनि पिण्डपात्र हत्केलामाथि राखेर आकाशतिर हुत्याउनु भयो । उक्त पात्र भने अनन्त **चक्रवाल**तर्फ बढ्दै घुम्न थाल्यो ।

त्यस बखत तथागतले हुत्याएर पठाएको पिण्डपात्र लिई आउन असीजना महास्थविरहरू तथा फेरि अन्यान्य भिक्षुहरूलाई पनि आज्ञा गर्नुभयो । यस्तो आज्ञा गर्दा पनि अरू कसैले लिई आउने सामर्थ्य

Downloaded from http://www.dhamma.digital

नदेखाएपछि तथागतले अजित स्थविरलाई लक्षित गर्नुहुँदै भन्नुभयो – "मैले छोडेको पिण्डपात्र लिएर आऊ ।"

तथागतको वचन शिरोपर गर्दै वन्दना गरेर अजित स्थविर आकाश मार्गबाट पिण्डपात्र खोजी तत्कालै प्राप्त गरेर तथागत जहाँ हुनुहुन्थ्यो त्यहीं आइपुगे । अनि आफूलाई प्राप्त भएको सुवर्ण चीवर तथागत बस्नुहुने मूल गन्धकुटीको पलङ्गाशनमाथि सुसज्जित गराउन लगाउदै अजित स्थविरले प्रार्थना गरे – "यो सुवर्ण चीवर प्रदान गरेको पुण्य-प्रभावद्वारा भविष्यमा म तथागत हुने कालमा **सप्तरत्न**ले पूर्ण भएको सुन, चाँदीका मालाकार, पुनः नाना प्रकारका हीरा, मोति, मणि, माणिक, नीर, पन्ना, पुष्पराज आदिले पूर्ण भएको, अलङ्कृत रहेको, **बाह्र योजन** भएको विचित्र अनौठो सुशोभायमान चदुंवा उत्पत्ति होस् ।" तथागतलाई यथानुरूप प्रार्थना गरेर स्थविर पञ्चाङ्ग प्रणाम गर्दै आफ्नो अनुकूल आसनमा बसे ।

त्यसबेला भगवान् तथागत मुसुक्क हाँस्नुभयो । तथागत हाँस्नु भएको देखेर धर्मका भण्डागार आनन्द स्थविरले आफ्नो आसनबाट उठेर तथागतलाई वन्दना गर्दै प्रार्थना गरे-"भो भगवान् ! तथागत हाँस्नुभएको के कारण हो कृपापूर्वक हामी सेवकहरूलाई पनि प्रकाश पार्नुहोस् ।"

आनन्द स्थविरको प्रार्थना सुन्नुभई जसरी श्रीखण्ड चन्दनले युक्त सुवर्ण वट्टा खोल्दा मधुर सुगन्ध फैलिने हो, त्यसरी नै उहाँले आनन्द स्थविरलाई यसरी

Downloaded from http://www.dhamma.digital

आज्ञा गर्नुभयो-"हे आनन्द ! यी अजित भिक्षु भने यही **भद्र कल्पमा** नै आर्य मैत्रेय सम्यक् सम्बुद्ध तथागत हुनेछन् ।" यस अनुसार भविष्यवाणी गर्नुहुँदै तथागत निरोध समापत्तिमा प्रवेश गर्नुभयो । निरोध समापत्तिबाट उठनु भएपछि, धर्मसेनापति भएका **सारिपुत्र स्थविरले** भिक्षुहरूको आशय बुझ्दै हात जोडी आदरपूर्वक वन्दना गर्दै तथागतलाई बिन्ति गरे-"भो भगवान् ! अजित स्थविर कुन अवस्थामा कस्तो भावाकार तरिकाले मैत्रेय तथागत हुनेछन् ? अनुकम्पा राखी हामीलाई आज्ञा गर्नुहोस् ।"

यो प्रार्थना सुनेर तथागतले सारिपुत्रलाई यहाँ यो 'अनागत-वंश' भन्ने भविष्यवाणी आज्ञा गर्नुहुन्छ ।

मैत्रेय तथागत कुन समयमा उत्पन्न हुनेछन् भने, मेरो **परिनिर्वाण** भएको धेरै समय पश्चात् लोकमा पाँच कुरा लोप भएर जाने छन् । ती के-के हुन् ?

१. **मार्गफल** लोप हुनेछ,

२. **आचरण** लोप हुनेछ,

३. **त्रिपिटक** लोप हुनेछ,

४. **सङ्घ** लोप हुनेछ तथा

५. **जातक** लोप हुनेछ ।

सारिपुत्र ! म तथागतको परिनिर्वाणपश्चात् हजार वर्ष हुँदा **चतुपटिसम्भिदा** प्राप्त **अरहन्त** भाव दुर्लभ हुनेछ । त्यसपछि पुनः हजार वर्ष बितिसक्दा

Downloaded from http://www.dhamma.digital

**अनागामी**......, फेरि हजार वर्ष हुँदा **सकृदागामी**......, फेरि हजार वर्ष हुँदा **स्रोतापत्ति** मार्गफल पनि दुर्लभ हुनेछ, प्राप्त गर्न सकिने छैन ।

त्यसपछि अन्तिममा **पाराजिका** चारवटा मात्र पालन गर्नेछन् । पाराजिका चारलाई पालन गर्ने भिक्षुहरूको समय पनि हजार वर्ष हुनेछ । त्यस अन्तिम समयतिर एकजना मात्र भिक्षु भए पनि शील-शिक्षा विनाश भईकन जीव नाश प्रायः हुनेछ । यसलाई आचरण लोप भएको हो भनिन्छ ।

**परियत्ति** शिक्षा लोप हुन्छ भनेको के हो ? क्रमानुसारले काल बित्दै जाँदा कालान्तरका हीनजाति-**मिथ्यादृष्टि** राजाहरूले सद्धर्म पालन गर्दैनन्, उनीहरूले यी कुरा अवबोध गर्न पनि सक्तैनन् । अतएव नाना प्रकारका दोषारोपण गरी सद्धर्मलाई वास्ता गर्न सक्तैनन् । राजाले नै सद्धर्म पालन गर्दैनन् भने मन्त्री, सेनापतिहरूले पालन नगर्दा देशका नगरवाशी प्रजाहरूले पनि सद्धर्म पालन गर्ने छैनन् । यस उसले पनि, क्रमशः पाप तीब्र रूपमा झन्-झन् वृद्धि हुँदै जानेछ । समय-समयमा राम्ररी जलवृष्टि नभएपछि अन्नबाली सप्रिने छैन । बाली नराम्रो भएपछि दायकहरूले दान-प्रदान गर्ने छैनन् । दान-प्रदान गर्नेहरूको अभावमा भिक्षुहरू आफ्ना शिष्यहरूलाई सहायता गरी शासनको उन्नति-अभिवृद्धि गर्न नसक्ने हुन्छन् । पछि हुँदाहुँदै परियत्ति हीन *(दुर्बल)* भई प्रथमतः 'पट्ठान' शास्त्र लोप हुनेछ । तत्पश्चात् क्रमशः यमक, त्रिपिटक, अंगुत्तर निकाय, कथावत्थु, पुद्गल प्रज्ञप्ति,

Downloaded from http://www.dhamma.digital

विभङ्ग, मज्झिमनिकाय, खुद्दकनिकाय, दीघनिकाय, जातक आदि लोप हुनेछन् । मात्र चार पाद नै बाँकी रहनेछ ।

त्यसपछिको समयमा कुनै एक सद्धर्ममा श्रद्धा-प्रसन्न राजाले सुवर्ण मुद्रा हजारको पोको हात्तीमाथि राख्दै **धर्मसोन्दक** राजाले झैं तथागतले देशना गर्नुभएको **श्लोक**को अर्थ बताउन सक्नेलाई दिनेछु भन्दै देश-देशान्तर चारै दिशाहरूमा भ्रमण गराउन पठाउनेछन् । तर पनि, 'चार पाद' मात्रको अर्थ पनि भन्न सक्ने व्यक्ति भेट्टाउन नसकेर त्यो सुवर्ण मुद्राको पोको फर्काएर नै ल्याउनुपर्ने हुन्छ । त्यस अवस्थामा परियत्ति लोप भएको भनिन्छ ।

त्यस पछिको समयमा कपडालाई रङ्गाएको चीवर वस्त्र मात्र लगाएर के फल होला भन्दै बौद्ध भिक्षु एक भित्ता जतिको सानो टुक्रा मात्र फेटाझैं अथवा घाँटीमा लगाउने भए पनि, हातमा भए पनि बेरेर स्त्री तथा पुत्र-पुत्रीहरूको पालन गर्ने हुन्छन् । एवं रूपले जहान-बच्चाहरूको पालन गर्नुपर्ने भएकोले खेती गर्ने तथा अनेक ब्यापार आदि कार्यमा ऊ सरिक हुन्छ घाँटीमा, कानमा, हातमा बेरिएको चीवर-टुक्रालाई मात्र पनि तथागतको चीवर भनी प्रदान गरिने हुन्छ । त्यसरी प्रदान गरिएको पुण्य-फल नै असंख्य हुन्छ । *(यसो भनी म, तथागतले देशना गरेको भयो ।)*

क्रमिक रूपले पछिहुँदै यी चीवर-वस्त्रले बेरिएर पनि के गर्ने भन्ने विचारले बौद्ध वा भिक्षुहरूले

Downloaded from http://www.dhamma.digital

वनजङ्गलमा अथवा कुनै भाङ्गमा मिल्काउँछन् । सारिपुत्र ! यस्तो भयो भने भिक्षुत्वको रूपाकार सम्पूर्ण लोप भएको हुनेछ । यस्तै तरिकाले पाँच हजार वर्ष हुने अवस्था मेरो *(बुद्ध)* को शासनलाई अगौरव, अनादर गर्दै लोप गराउने छन् अथवा तथागतको धर्म देवलोकमा प्रज्ज्वलित भइरहने छ । त्यसपछि तथागतको मनुष्यलोकमा, **देवलोक**मा, **ब्रह्मलोक**मा, नागलोकमा भएका सम्पूर्ण अस्थि धातु महाबोधि मण्डप(बुद्धगया)मा जम्मा हुनेछ र त्यो थुप्रिएर मेरो शरीर आकारझैं प्रतिमा मूर्ति बन्दै **यमक प्रातिहार्य** गरेर देखाउने छ ।

दस हजार चक्रवाल देव, ब्रह्माहरू त्यहाँ आएर विरहले भरिपूर्ण शब्द प्रस्फुटन गरी परस्पर कुरा गर्ने छन् । त्यसै दिन **दसबलले** पूर्ण हुनुभएका सर्वज्ञ तथागतको **अस्थिधातु** लोप हुनेछ । तबदेखि लोकमा घोर अन्धकार मात्र ब्याप्त हुने भयो भनी देवादिहरू बिलाप गर्दै रुँदै-रुँदै हिंड्नेछन् ।

लोकमा ज्ञान लोप हुनेछ । ज्ञान नभएर अन्धा भएको कारणले लोकजनहरू जथाभावी बोली अकुशल कर्माचरण गर्दै ल्याउने छन् । मनुष्यहरूको आयु पनि झन्-झन् नै घट्दै जानेछ ।

*(हिजोआज मनुष्यको आयु घटेर झन् झन् कम हुँदैछ । भगवान् गौतम बुद्धको समयमा मनुष्यको आयु १०० वर्षको थियो, राग द्वेष र मोहमा अत्याधिक भुलेका हुनाले मनमा क्लेश झन् वृद्धि भएको पाइन्छ । भनिन्छ कि शय वर्षमा मनुष्यको आयु एक वर्ष घट्छ*

Downloaded from http://www.dhamma.digital

*र भगवान् बुद्ध बित्नुभएको करिब पचींस शय वर्ष भई सक्यो, तथा मनुष्यको आयु शय वर्षमा पचीस वर्ष घटाउँदा करिब सरदर पचहत्तर वर्ष हुन आउँछ ।)*

सय वर्ष आयु क्रमानुसार घट्दै नब्बे, असी, सत्तरी हुनेछ । एवं रूपले निरन्तर कम हुँदै-हुँदै दस वर्षमा स्थिर हुनेछ । त्यस समयमा चार-पाँच वर्षको अवस्थामा नै विवाह-कर्म हुनेछ । सात, आठ वर्ष हुने बेलामा नाति-पनातिहरू देख्नेछन् । त्यसरी नै, नराम्रो अवस्थामा तीन प्रकारका अन्तराय उत्पन्न हुने छन् । ती के-के हुन् भने–

१) दुर्भिक्षअन्तराय *(खान नपाउने भय),*

२) रोगान्तराय *(रोग हुने भय)* तथा

३) शस्त्रान्तराय *(काटमार हुने भय)* ।

यिनीहरूमध्ये खान नपाएर मृत्यु हुने प्राणीहरू प्रेत हुनेछन् । रोगले ग्रसित भई मृत्यु हुनेहरू देवलोकमा उत्पन्न हुनेछन् । शस्त्रास्त्रद्वारा मृत्यु हुनेहरू नरकमा उत्पन्न हुनेछन् । सारिपुत्र ! त्यस अवस्थामा मनुष्यहरूमा केही विचार हुनेछैन, पशुहरूसरि प्रमादले वशीभूत भइरहने छन् । उनीहरूले केवल आहार, मैथुन, भय, निन्द्रा–यी नै चारवटामा मात्र ध्यान दिनेछन् । पाप-धर्मको किञ्चित् पनि कुनै वास्ता गर्नेछैन् ।

पछि विश्वकर्मा देवता आएर आफ्नो वस्त्र निथ्रुक्क भिज्ने गरी बलिन्द्र अश्रुधारा बगाउँदै उपदेश दिनेछन् तथा सम्झाउँनेछन् – "भो, भो

Downloaded from http://www.dhamma.digital

मनुष्यगणहरू ! यो मनुष्यलोकमा पाप अत्यन्त बढ्यो । तसर्थ, आजको सात दिन हुँदा मनुष्यहरू आ-आफैमा जसरी भैंसी, बोका, मृगहरू मारेर खाने हो, त्यसरी नै मारेर काटेर खाँदै हिँड्ने छन् । एउटा सीमित ठाउँबाट अर्को ठाउँमा एकजना पनि जान सक्नै छैन । एकले अर्कालाई बलपूर्वक प्रयोग गरी काटमार गर्नेछन् । यदि उक्त भयबाट बच्ने इच्छा छ भने सात दिनसम्मलाई पुग्ने खानपिनका सामग्री लिई पर्वतमा, गुफामा जहाँ मान्छेहरू भेटिन्नन्, त्यहाँ एक्लै-एक्लै लुक्न जाओ । सात दिनपछि मात्र निस्केर आओ ।"

विश्वकर्मा देवताले यसरी करुणापूर्वक उपदेश दिनेछन् । तब, उक्त उपदेशलाई राग, द्वेष आदिमा जकडिएका पशुजातिसरि भएका अभिमानी मान्छेहरूले विश्वास गर्ने छैनन् । कुनै विचारवान् मान्छेहरूले मात्र बोध गर्छन् कि यो माणवकले भनेको कुरा वास्तवमै हुनसक्छ । अनि सात दिनसम्म पुग्ने खानपिन आहारका साथ पर्वत गुफा आदिहरूमा लुक्न जानेछन् ।

तत्क्षणमै उक्त अवस्थामा दया, माया, नराखी आ-आफूमा पनि एकले अर्कालाई घात गरी एक-एक जनालाई समाएर टुक्रा-टुक्रा गर्नेछन् । तदुपरान्त अति नै जलवृष्टि भई उक्त मृतक *(हाँड-मासु)* शरीर जम्मै पानीले बगाएर लाने छ । त्यसबेला जुन पर्वतादि सुरुङमा लुकिरहेका मानिसहरू बिस्तारै बिस्तारै निस्केर आउने बखतमा अरू मानिसहरू एकजना पनि नदेखी रुँदै रुँदै विलाप गर्न थाल्नेछन् । पछि यताउता लुकिरहेका केही मात्र बाँकी भएका मनुष्यहरूमा धर्म

Downloaded from http://www.dhamma.digital

संवेग उत्पन्न भई उनीहरूले **पञ्चशील** नियम पालन गर्दै लानेछन् । त्यस बेला अनेकानेक सुभिक्ष हुँदै जानेछ ।

शील नियम पालन गर्दै ल्याएको प्रभावले दश वर्ष आयु हुने मान्छेहरूका सन्तानको आयु बीस वर्षमा वृद्धि भई बाँच्नेछन् । बीस वर्ष आयु हुनेहरूको क्रमशः आयु वृद्धि हुँदै तीस वर्ष, चालीस वर्ष, पचास वर्ष, साठी वर्ष, सतरी वर्ष, असी वर्ष हुनेछन् । एवं रूपले शील पालन गरेको प्रभावले अझ झनै क्रमिक रूपले आयु वृद्धि हुँदै असंख्य(अनगिन्ती) वर्षसम्म पनि आयु वृद्धि हुने हुन्छ । तिनीहरूले कुशल कर्म मात्र कार्यान्वयन गर्ने छन् ।

त्यसबेला मनुष्यहरूले **दुःख** भन्ने कुरो कस्तो होला भन्नेसम्म बुझ्न सक्तैनन् । यस तरिकाले मनुष्यहरूको परम्परा *(पुस्तौं पुस्ता)* धेरै नै समयसम्म ब्यतित हुनेहुन्छ ।

Dhamma.Digital

फेरि, पछि मनुष्यहरू पुण्यकर्म नगरी प्रमादी हुने हुन्छन् । तसर्थ पुनः आयु क्षय हुँदै तल झरेर एक लाख वर्षको आयु हुने बेलामा मनुष्यहरूका स्त्रीहरू देवकन्या समान बन्ने छन् । पुरुषहरू देवपुत्र समान बन्ने छन् । आपसमा प्रेम-प्रीति हुने हुन्छ, स्त्री-पुरुषहरू उत्सव गरी विवाह कर्म गर्ने हुन्छन् । फेरि, देश-नगर पनि अत्यन्त शोभायमान् भई देवलोकसरि हुने हुन्छन् । दस दिनमा एकचोटि, मध्यरातमा एकचोटि भूमिको झारपात (ओजयुक्त) माथि आउने गरी जलवृष्टि

Downloaded from http://www.dhamma.digital

हुनेछ । त्यसबेला तीन थरिका अन्तराय हुन्छ । ती तीन अन्तराय भनेका यी हुन्:–

१) भातको रसले आउने रोग,

२) खाँन मन नलाग्ने रोग तथा,

३) निन्द्रा मात्र आउने रोग ।

यी बाहेक त्यहाँ अन्य प्रकारका रोगहरू हुनेछैनन् ।

सारिपुत्र ! त्यस अवस्थामा लम्बाइको हिसावले बाह्र योजन तथा चौडाइ सात योजन भएको केतुमती महानगरमा यति त्यति नहुनेगरी धेरै-धेरै घोडा, हात्ती, रथ, सैन्य आदि चक्ररत्नले सम्पन्न भएका शङ्ख नामक चक्रवर्ती राजाले शत्रुहरूलाई दमन गरी अथवा बोध गरी राजा भइरहनेछन् । नगरको चारैतिर सप्तरत्नले युक्त पर्खालद्वारा घेरिएर देदीप्यमान तेज आइरहने हुन्छ । पुन: जुन चक्रवर्ती राजाको पुण्यानुभावद्वारा उत्पन्न भएका विचित्रनै देव विमान समान राम्रो, धेरैबेरसम्म हेर्न नै नसक्ने, तेजिलो, विश्वकर्मा देवताले बनाएको, अत्यन्त, ठूलो, चौडाइको हिसाबले साढे-एक योजन भएको सप्तरत्नले भरिपूर्ण भएको पहिला महापनाद राजा बसेको प्रासाद भवन उत्पत्ति हुनेछ । उक्त प्रासादमा शङ्ख चक्रवर्ती राजा सुखपूर्वक जीवन यापन गरिरहनेछन् ।

केतुमती नगरको चारैतिर शोभायमान पुष्करिणी हुनेछ । उक्त पुष्करिणीमा पाँच प्रकारका कमलफूलहरू

Downloaded from http://www.dhamma.digital

फुलेर मग-मग सुगन्धमय वासना आइरहने हुन्छ । उक्त नगरको यत्रतत्र राजाका उद्यान विविध जातका-पुष्पले भरिपूर्ण भइरहन्छन् अत्यन्त नै शोभायमान हुन्छन् । केतुमती नगरको बीचमा पनि, देशका ढोकाका, चारैतिर पनि, प्रासादको गिर्दाको प्रत्येक पर्खालमा कल्पवृक्षको उत्पत्ति हुनेछ । उक्त कल्पवृक्षहरूमा रातो, नीलो, सेतो, पहेँलो, हरियो, रङ्गीविरङ्गी दिव्य वस्त्रालंकार पनि फेरि, मनुष्यलोकको उत्तमोत्तम भएका वस्त्र-अलंकार पनि, फेरि मनुष्यलोकमा खानपिन योग्य सुस्वादिला खाद्य, भोज्य अष्टपानादि वस्तु सबै कल्पवृक्षमै फलेर झुण्डिरहने हुन्छन् । देशको ढोकाको चारैतिर पनि आनन्दले रमणीयतापूर्ण सुवर्णशाला पनि उत्पन्न हुन्छन् । त्यस बखत तीनै ऋतुहरूमा न गर्मी हुनेछ, न जाडो हुनेछ, बरु सधै नै समान अनुकूल मौसम हुनेछ । नदी पनि एकै प्रवाहमा बगिरहने हुन्छ, हिलो-मैलो र फोहर हुँदैन, वातावरण परिशुद्ध एवं निर्मल हुनेछ ।

सारिपुत्र ! त्यस समयमा मनुष्यहरूले कल्पवृक्षमा उत्पन्न भएको अमृत रसयुक्त दिव्य ओज समानको आहार सेवन गरी, श्रीखण्ड चन्दनका सुगन्ध लेपन गरी, मणि-माणिक्यका कुण्डल, हिरामोतिका माला हात-खुट्टामा लगाई औंठी, गहना आदि धारण गरी, काशी देशमा निर्मित बहुमूल्य वस्त्र लगाई आभरण अलंकारद्वारा सुसज्जित भई, नाना प्रकारका बाद्यबादन तुरिय आदि बाजा बजाएर सुख एवं आनन्दले रसरङ्ग गरिरहन्छन् ।

Downloaded from http://www.dhamma.digital

सारिपुत्र ! दस हजार योजन भएको जम्वुद्वीप पनि त्रायत्रिंस देवलोक समान हुनेछ । मनुष्यहरूले नक्षत्र उत्सव मेला भरेर देवताहरूको उत्सवसरि नै मनोरञ्जन गरिरहन्छन् ।

त्यस समयमा सोन्ह असंख्य एक लाख कल्पसम्म **तीस वटा पारमिता**, **पञ्च महापरित्याग** तथा **त्रिचर्या** पूर्ण गरेका, सबै चीज संचय गरी तुषित देवलोकमा उत्पन्न भइराखेका मैत्रेय बोधिसत्त्वका पुण्य प्रताप तथा गुण वर्णन सबैतिर प्रख्यात भइराखेको कारणले दस हजार चक्रवालमा बसोबास गरिरहेका देवताहरूले बोधिसत्त्वलाई मनुष्यलोकमा जन्मिन, बुद्धत्व ज्ञान प्राप्त गरी लोकको उद्वार गर्नको लागि प्रार्थना गर्नेछन् । त्यस बखत मैत्रेय बोधिसत्त्वले **पञ्च महाअवलोकन** दृष्टिले हेर्नुभई, तुषित देवलोकबाट झर्नुभई, केतुमती राजधानीको शङ्ख चक्रवर्ती राजाका हितैषी पुरोहित, अत्यन्त विचारवान् तथा राजाका अनेकानेक कामकुराहरूमा पनि अर्तीबुद्धि दिन सक्ने सुब्रह्म नाम भएका ब्राह्मणको पत्नी ब्रह्मवतीको गर्भमा आषढ पूर्णिमाका पावन दिनमा प्रतिसन्धि ग्रहण गर्नेछन् । पुनः अठार करोड़ परिवार देवताहरू पनि तुषित देवलोकबाट झरेर केतुमती राजधानीमै जन्मिनेछन् । त्यस समय दस हजार लोकधातु कम्प हुनेछ । बोधिसत्त्व प्रतिसन्धि भएको दस महिनापछि ऋषिपतन मृगदावनमा जन्मिनेछन् । उक्त बालक अजित कुमार भन्ने नामले प्रसिद्ध हुनेछ । अजित कुमार सँगसँगै जन्म हुने मित्रहरू अठार करोड़ हुनेछन् । ती

Downloaded from http://www.dhamma.digital

सबै नै अमात्यहरू मात्र बन्ने छन् । अजित कुमारलाई लौकिक सुख सम्पत्ति भोग गराउन सप्तरत्नले भरिएको जाज्वल्यमान तेज प्रस्फुटन, धेरै बेरसम्म आँखाले हेरिरहन पनि नसकिने अत्यन्त शोभायमान प्रासाद चारवटा उत्पन्न हुनेछन् । एक-एक प्रासादमा सातसात वटा कोठा हुनेछन् । एक-एक कोठामा मणि-मानिकले युक्त नवरत्नले भरिएको पलङ्ग सात-सात वटा तथा श्वेत छत्र सात-सातवटा हुनेछन् । पुनः अनेकानेक ऊन, रेशम, मखमलद्वारा छोपेर सुसज्जित बनाएर पलङ्ग, खाट, मेच आदि सात-सातवटा हुनेछन् । एक-एक प्रासादमा सप्तरत्नले युक्त सुर्वणका घडाहरू चार-चारवटा उत्पन्न हुनेछन् । एक-एक सुवर्ण-घडाको मुखको गोलाई मात्र पनि एक योजन हुनेछ । भरिएको हिसाबले तल पृथ्वीसम्म नै जोडिएर रहेको हुनेछ । सुवर्ण घडा एक-एकलाई कल्पवृक्ष ६-६ वटा उत्पन्न हुनेछन् । एक-एक प्रासादमा सुवर्ण रत्नले अलंकृत ध्वजा समाउने सात हजार गजराजहरू घुमिरहनेछन् । शरीरभरि अलंकृत गरिएका वलाहक सिन्धव *(घोडा)* द्वारा तानिएका सात सय रथ पनि उत्पन्न हुनेछन् । एक-एक भवन जात कुलवंश हिसावले उत्तम भएका, रूप यौवन आदि पाँचै गुणद्वारा सम्पन्न भएका, देवकन्या समानका रत्नमय अलंकारले परिष्कृत नारी सखीजनहरू सोन्ह हजारद्वारा परिक्रमित हुनेछ । एक-एक भवनमा नाटक, गीत, वाद्य, तुरिय आदि बजाउनमा अत्यन्त निपुण भएका, अत्यन्त शोभायमान मनोहर, परिशुद्ध जाति कुलमा जन्मेका सात हजार नर्तकीहरू हुनेछन् ।

Downloaded from http://www.dhamma.digital

सारिपुत्र ! अजित कुमारको पटरानी *(पत्नी)* को चन्द्रमुखी नाम हुनेछिन् । चन्द्रमुखी *(महारानी)* सखीजनहरू धेरैद्वारा घेरिएर शील-व्रत नियमाचरणले पूर्ण हुनेछिन् । छ प्रकारका दोष *(न अति दुब्ली न अति मोटी, न अति गोरी न अति काली, न अति अग्ली न अति होची)* बाट रहित हुनेछिन्, **पाँच गुणाङ्ग लक्षणले** सम्पन्न हुनेछिन् । तिनी अत्यन्त रूपवती, देव तथा मनुष्यलोकमा पनि दुर्लभ भएको, जति हेरे पनि नपुग्ने, चन्द्रमुखी शरीरबाट श्रीखण्ड चन्दनको वास्ना आइरहने हुनेछिन् । शरीरको रश्मि बान्ह हातसम्म प्रकाश फैलिरहने हुन्छ । शरीर अत्यन्त नै नरम भई मखमल समानले कोमल हुनेछ । पहिले बृहत् कुशल पुण्य सम्पन्न गरेको सम्पूर्ण संचित भई अन्तिम भाविक *(= सांसारिक)* जन्म हुनेछ । चन्द्रमुखीको पुत्रको नाम ब्रह्मवर्द्धन हुनेछ । जसरी राहुल कुमार हो, त्यसरी नै अन्तिम भाविक जन्म हुनेछ ।

सारिपुत्र ! उक्त अजित नामक बोधिसत्त्व प्रासादमा देवपुत्र समान नै सुर्वण रत्नमणि-माणिकद्वारा अलंकृत भई चन्द्रमुखी महारानी प्रमुख सखीजनहरू धेरैद्वारा घेरिएर देवराजको दिव्य-सम्पत्ति समान नै सुखभोग गर्नेन् । त्यस समयमा अजित बोधिसत्त्वले सोन्ह असंख्य तथा एक लाख कल्पसम्म पूर्ण गरी आएको पुण्य संभार जागरण भएको कारणले जम्बुद्वीपमा रहेका सबैको बीचमा खलबल मच्ची त्रायत्रिंश देवलोकमा कोलाहल भए जस्तै *(पुन: सुधम्मा देव उत्सव हो)* नै कोलाहल मच्चिनेछ । फेरि, सम्पूर्ण

Downloaded from http://www.dhamma.digital

लोकधातुमा विद्यमान श्रीशोभा मङ्गल जति समूहगत रूपमा थुपारेसरि जम्मा हुनेछन् ।

पुनः शङ्ख चक्रवर्ती राजासहित पचासी हजार राजाहरू मैत्रेय बोधिसत्त्व कहाँ पुगेर प्रार्थना गर्नेछन् – "भो देव ! तपाईंको कार्य के-के गर्नु पर्ने हो, हामीलाई आज्ञा गर्नुहोस् ।" यसरी मूहार हेरी टोलाइरहेको देखेपछि अजित बोधिसत्त्वले त्यसबेला आज्ञा गर्नेछन् – "मलाई सेवा चाकरी गर्नमा तम्तयार तथा कार्यक्रम गर्ने अमात्यगणहरू अठार करोड़सहित बृहत् मात्रामा घोडा, हात्ती, सैन्य, सेनापतिहरू छन्, तसर्थ तपाईंहरू आ-आफ्नो ठाउँमा नै सुविस्ताका साथ बस्नुहोस् ।"

यसरी पारमिता पूर्ण गरी आएको आनुभावले अजित राजकुमारले चारवटा प्रासादमा लौकिक श्रीसम्पत्ति इच्छानुसार सुखभोग गरीकन दश हजार वर्षपश्चात् चन्द्रमुखी महारानीबाट ब्रह्मवद्धन पुत्र *(राजकुमार)* को जन्म हुनेछ । त्यस बखत तथागतहरूको चलनअनुसार अजित राजकुमार उद्यान *(बगैचा)* मा घुम्न जाने अवस्थामा जरा *(वृद्ध)*, ब्याधि *(रोगी)*, मृतक *(मृत्यु)* तथा श्रमण *(त्यागी मानिस जस्तै साधु, भिक्षु आदि)* चार **महानिमित्त** चार देखेर स्वर्ग समानको सुखभोग गरिराखेको जुन महलको आनन्द हो, त्यसबाट विरक्त भई गृहत्याग (**महाभिनिष्क्रमण**) गर्ने दृढ संकल्प गर्नेछन् । यस्तो विचारलाई शङ्ख चक्रवर्ती राजाले जानेर कुमारको मन आनन्दले रमणीय बनाउनकोलागि अप्सरातुल्य रूप-यौवनले सम्पन्न भएका चौरासी हजार परम सुन्दरी

Downloaded from http://www.dhamma.digital

नर्तकीहरूलाई बोधिसत्त्वको मन भरसक बहलाउन, मोहित तुल्याउन अजित राजकुमारको प्रासादमा पठाई भव्य तवरले नाट्य-गीतको उत्सव गर्नेछन् । त्यस प्रकारले उत्सव गरेको समाचार देश-विदेश, ग्राम-निगममा, टोल-टोलमा राजकुमार-राजकुमारीहरू, साहु-महाजनहरू सहित बृहत् लोकजनहरूले ज्ञात गरी सुगन्धयुक्त पुष्पमाला आदि हातमा समाएर चारैतिर घुमिरहने छन् । सम्पूर्ण लोकजनहरू परस्पर 'आज भने अजित राजकुमार गृहत्याग सम्पन्न गरी जानेभयो' भनी खलबल गरिरहने छन् । आकाशमा अवस्थित देवी-देवताहरूले पनि भारी सभा मण्डलको जमघट भई सुगन्ध, पुष्पमालादि हातले समाएर पूजा गरी ल्याउनेछन् । पुनः दश हजार चक्रवालका देव-ब्रह्माहरूले छत्र, ध्वजा, पताकादि उडाएर, सुन-चाँदीका अछेताहरू चढाई बोधिसत्त्व निवासित प्रासादमा उच्चस्तरको जलवृष्टिसरि नै वृष्टि गरेका श्रीखण्ड, चन्दन सुगन्धयुक्त पुष्पादि जताततै सबैतिर परिरहने छन् ।

सारिपुत्र ! त्यस समयमा पहाड़ पर्वत भन्ने हुनेछैन । भूमि समतल मैदान हुँदै जानेछ । मैत्रेय तथागतको आयु असी हजार वर्षको र मनुष्यको आयु एक लाख वर्षको हुनेछ । शरीरको उचाई असी हात, आँखीभौं पाँच हात, मुख पाँच हात, कानको चौडाइ पाँच हात, खुट्टाको पैतला दश हात तथा खुट्टाको गोलीगाँठोदेखि घुडासम्मको नाप बीस हात हुनेछ । त्यस अवस्थामा सामान्य मनुष्यहरूको उचाइपनि

Downloaded from http://www.dhamma.digital

चालिस हात हुनेछ । एवं रूपले मनुष्यहरूका सम्पूर्ण अङ्ग-प्रत्यङ्ग मैत्रेय तथागतको भन्दा आधा-आधा हुनेछन् । भर्खर जन्मेको बालकको उचाइ पाँच हातको हुनेछ । सम्पूर्ण अङ्ग-लक्षणले परिपूर्ण भएका सुन्दर एवं शोभायमानहरू मात्र नै जन्म हुनेछन् । अन्धा, लङ्गडा, कुप्रे, बहिरा, अपाङ्ग, लाटा, कुष्टरोगी, कोढी, घोरी हुनेछैन । मैत्रेय बोधिसत्त्वलाई पुत्र-पत्नी सहित सात हजार नर्तकी कन्याहरू तथा चाकरी गर्ने धेरै परिवारहरूले घेरिएको प्रासाद सिङ्गै माथि आकाशमा उडेर हँसराज उडेझैं उडिरहनेछ । बोधिसत्त्व निस्कने बेलामा सँगसँगै जाने इच्छुक व्यक्तिहरू सबैले नै बोधिसत्त्वको ऋद्धि बलले, पुनः शङ्ख चक्रवर्ती राजाको आज्ञाचक्रद्वारा तथापि पुनः देवताहरूको आनुभावले पनि आकाश मार्गबाट नै साथसाथै उडेर जानसक्ने हुनेछन् । त्यस बखत ब्रह्मराज तीन योजन भएको श्वेत छत्रद्वारा ओढाएर जानेछ, शक्रराज साठी हात लामो दाहिने शङ्ख लिएर साधुकार दिंदै पछि पछि जानेछ, सुतव देवपुत्र **चमर** समाएर जानेछ, तुषित देवपुत्र माणिकको पङ्खा लिएर जानेछ, पञ्चसिखे देवपुत्र बीणा लिई जानेछ, चतुर्महाराजहरू चारैजना तलवार समाएर जानेछन् । दुई लाख र चालीस हजार यक्ष सैनिकहरू हरेक एक-एक शस्त्रास्त्र लिई आउने छन् । भूमीमा बस्ने देवकन्याहरू, आकाशमा बस्ने देवकन्याहरू धेरै रत्नमय फूलको ढकी लिई बढ्नेछन् । असुर देवताहरू गीत, वाद्यवादन गरी देवताहरूको ध्वजा समाएर जानेछन् । असुर देवताहरू माणिकले भरिपूर्ण चिराग *(दियालो, मसाल)* समाएर जानेछन् । गरूड़हरू सितार बजाएर

Downloaded from http://www.dhamma.digital

जानेछन् । किन्नर बाद्यवादनमा तालसुर मिलाएर नाँच्दै जानेछन् ।

यस तरिकाले देव परिषद्, मनुष्य परिषद्हरूद्वारा घेरिएर देवताहरूले उत्सव गरी जाने शब्द, साधुकार दिदैजाने शब्द, बृहत् परिषद्हरूले प्रशंसा गर्ने शब्द तथा ब्रह्माहरूले तालि दिने शब्द एकै तालमा आकाश गुञ्जायमान हुने गरी अत्यन्त सुशोभायमान आकाश मार्गबाट नै प्रासाद उडेर जानेछ । उडेर जाँदै "नागलक्ख" बोधिमण्डप समीप *(आनन्द रमणीय भूमिको फाँट)* मै ओर्लेर आई बोधिसत्त्व अजित कुमारले आफू बसिरहेको रत्नजडित श्रीमङ्गलले युक्त प्रासादको कोठामा सात दिनसम्म दुस्कर चर्या गर्नेछन् । सात दिनपश्चात् ब्रह्माले प्रदान गरेको **अष्टपरिष्कार** ग्रहण गरी आफैं नै प्रव्रजित हुनेछन् । त्यसै समयमा राजा, महाजन, ब्राह्मण आदि धेरै परिषद्हरू पनि प्रव्रजित हुनेछन् । प्रव्रजित भएपछि चन्द्रमुखी महारानीले प्रदान गरेको खीर भोजन सेवन गरी दक्षिण मोहडातिरको नागवृक्ष-बोधिमण्डप नजिकै गई सप्तरत्नले अलंकृत भएको चौसाठी हात मोटाइ भएको सुर्वण बोधि पलङ्गमाथि बज्रासन गरी पुर्वलोक धातुतिर हेरेपछि देव परिषद्, मनुष्य परिषद्हरूद्वारा घेरिएर रहने छन् ।

पछि देवपुत्र-मारलाई परास्त गरेपछि उनले रात्रीको प्रथम याममा **पुब्बेनिवास ज्ञान** प्राप्त गर्ने छन् । द्वितीय याममा *(मध्यराततिर)* **दिव्यचक्खुज्ञान** प्राप्त गर्ने छन् । तृतीय याममा **आसवक्खय ज्ञान** प्राप्त गर्नेछन् । सूर्य उदय हुनेबेला **चतुरार्य सत्य** धर्म अवबोध गरी

Downloaded from http://www.dhamma.digital

उनले सर्वज्ञ ज्ञान प्राप्त गर्नेछन् । **पञ्च-मारलाई** जितेपछि उनले उदान गाथा (**अनेक जाति संसारं** ......) प्रकट गर्नेछन् ।

बोधिवृक्षको आसपासमा सप्ताह दिन बिताइसकेपछि ब्रह्माले गरेको प्रार्थनालाई स्वीकार गरी ऋषिपतन उद्यानमा धर्मचक्रप्रवर्तन गर्ने मनसाय पोख्नेछन् । त्यस बखत हंसपद *(हंसपद रत्न)* समानको चरण थाप्नको लागि भूमिको गर्भबाट चारैतिर कमलको फूल उत्पन्न हुनेछन् । मैत्रेय तथागतले पाइला राखेको प्रत्येक ठाउँमा ठूलो कमलको फूलले परिपूर्ण बन्दै जानेछ ।

आर्य मैत्रेय तथागतको शरीरबाट ताडवृक्ष समानको छ वर्ण रश्मि प्रस्फुटन भएर दश हजार चक्रवालमा दिन पनि रात पनि छुट्टिन नसक्ने गरी उज्ज्वल प्रकाश फैलिरहनेछ । केवल कुखुरा बास्ने समय, प्रभातकालमा फुल्ने फूल तथा सन्ध्यापख फूल्ने फूललाई दाँजेर त्यसैद्वारा मात्र दिन र रात भनी छुट्याउन सक्नेछन् । त्यसरी रश्मि प्रकाश गरीकन सम्पूर्ण लोकलाई हित र सुखार्थको लागि धर्मचक्र प्रर्वतन गर्ने अवस्थामा मनुष्य परिषद्हरू जम्मा सोन्ह योजन, देव परिषद्हरू भने चक्रवाल पुरै भर्ने गरी अकनिष्ट ब्रह्मलोकसम्म एउटै समूह गरी भेला हुनेछन् । त्यस अवस्थामा मनुष्यहरूले पनि समाउन नपर्ने, देवताहरूले पनि समाउन नपर्ने तथापि आगोले जलाउन र पानी *(वर्षा)* ले पनि भिजाउन नसक्ने र धूलो आदिले केही गर्न नसक्ने कपड़ा चँदुवा परिनिर्वाण

Downloaded from http://www.dhamma.digital

नभएसम्म नै मैत्रेय तथागतको शीरमाथि दिन-रात सदैव नै राम्ररी स्थापित भइराख्ने हुन्छ । पुनः त्यस्तै नै कसैले पनि समाउन नपर्ने गरी सप्तरत्नले युक्त रत्नले भरिपूर्ण सोऱ्ह योजन भएको किंकिनी जाल भने प्रथम धर्मचक्र प्रर्वतन गरेपश्चात् देखि मैत्रेय तथागत्को शीरमाथि सदा नै परिनिर्वाण पर्यन्त राम्ररी स्थापित भइरहनेछ ।

मैत्रेय तथागतले चतुरार्यसत्यको देशना गर्ने अवसानमा बृहत मात्रामा करोडौं करोडको संख्यामा मनुष्यहरू तरेर जानेछन् । देवताहरू पनि लाख करोडभन्दा अधिक तरेर जानेछन् । **पञ्चाभिज्ञा** प्राप्त भएका धेरैभन्दा धेरै भिक्षुहरू मैत्रेय तथागतको वरिपरि हुनेछन् । त्यस बखतमा शङ्ख चक्रवर्ती राजाले सप्तरत्नयुक्त भएको विहार *(प्रासाद)* निर्माण गरी तथागत प्रमुख सङ्घलाई *(**चतुप्रत्यय दायक**सरि भएर)* प्रदान गर्नेछन् । प्रदान गरिसकेपछि तथागतको समीपमा पुगेर आफ्ना पछि-पछि आइरहका नोकर-चाकरहरू तथा ज्ञातिबन्धुहरू, राजा, रानीसहित सबैले 'एहि भिक्खु' को पदवी नै प्राप्त गर्नेछन् । मैत्रेय तथागतले जुन उद्धार गर्न योग्य देव-मनुष्यहरू हुन् तिनीहरूलाई पार लगाउनको लागि प्रस्थान गर्नुहुनेछ ।

मैत्रेय तथागतको माता ब्रह्मावती ब्राह्मणी, पिता सुब्रह्मा नामक पुरोहित ब्राह्मण, मैत्रेय बोधिसत्त्वको महारानी चन्द्रमुखी, पुत्र ब्रह्मबर्द्धन हुनेछन् । दायाँपट्टि बस्ने अग्रश्रावक आशोक, बायाँपट्टि बस्ने अग्रश्रावक ब्रह्मदेव, सेवा-सुसार गर्ने *(उपचारक)*

Downloaded from http://www.dhamma.digital

सिहं हुनेछन् । अग्रश्राविका दुई पदुमा तथा सुमना भन्ने हुनेछिन् । बोधिवृक्षको मोटाइ गोलो हिसावले सतरी हात हुनेछ । बोधिवृक्षको हाँगा नौ वटा हुनेछ । एक-एक हाँगाको पुच्छरको लम्बाइ १२० हात हुनेछ । बोधिवृक्षबाट श्रीखण्ड चन्दनसमान सुगन्ध सुवास आइरहन्छ । चारै दिशाको चारैतिर, दश योजनसम्म मधुर सुगन्धको बास्ना चलिरहनेछ । त्यसको फूल गाडाको चक्काजत्रै ठूलो हुनेछ । त्यस बोधिवृक्षमा तथागतले बुद्ध पद प्राप्त गर्ने अवस्थातिर फुल्ने फूल तथागत परिनिर्वाण भइसकेपछि मात्र झरेर जानेछ । बोधिवृक्षको चारैतिर साढे एक योजनसम्मको ठाउँ सुवर्ण चूर्ण, बालुवाले परिपूर्ण हुनेछ । बोधिवृक्षको चारै दिशाको चारैतिर रत्नमण्डप सुवर्णशाला उत्पन्न हुनेछ । आकाशमा उडिरहने पक्षीहरू बोधिवृक्षमा बस्न सक्नेछैन । हावा चल्ने समयमा पनि हावाले बोधिवृक्षको पात एउटा पनि हल्लाउन सक्ने छैन । देव, मनुष्य, ब्रह्महरूले बोधिवृक्षलाई हेर्दा हेर्दै पनि हेर्न नपुगेको अनुभव गर्नेछन् । यस हिसावले बोधिवृक्ष *(नागवृक्ष)* अत्यन्त सुशोभायमान रहनेछ ।

सारिपुत्र ! मैत्रेय तथागत **बत्तीस लक्षण, असी ब्यञ्जन**ले परिपूर्ण हुनेछन् जुन एकसे एक राम्ररी मिलाएर राखिएकाझैं ब्रह्माहरूका भन्दा अधिक सुशोभायमान हुनेछन् । मैत्रेय तथागत विहार गर्नको लागि भूमिको गर्भ फाटेर बाह्र योजन भएको सप्तरत्नले युक्त माणिकमय पलङ्गासन मण्डप मध्यमै उत्पन्न हुनेछ । पुनः सुशोभायमान श्वेत छत्र पनि उत्पन्न हुनेछ । त्यो पलङ देवताहरूले ऋद्धिद्वारा

Downloaded from http://www.dhamma.digital

बनाएका नाना प्रकारका सुन, चाँदीका पुष्पमाला, मणि, माणिकका मालाले भरिएको हुनेछ । पुनः रत्नको दीप *(पानस)* देव-मनुष्यहरूले बाल्न नपर्ने गरी स्वयं नै जाज्वल्यमान तवरले बलिरहनेछ । पुनः जात-जातका सुगन्धमय पुष्पहरूबाट मगमग बास्ना आउनेछ । सुगन्धित पुष्पहरूको निरन्तर रूपमै वृष्टि हुनेछ । मण्डपको चारै कुनातिर तीस-तीस हात भएका घण्टीहरू झुण्ड्याइनेछन् । त्यस घण्टीको शव्द चक्रवालको सिमानासम्म पनि सुनिनेछ । मैत्रेय तथागत सप्तरत्नले अलंकृत भएको माणिकको पलङमा बस्नु भई देव-मनुष्यहरूलाई धर्मदेशना गर्नुहुनेछ तथा भिक्षुहरूलाई प्रवज्या दिनुहुनेछ । मैत्रेय तथागत पारमिताद्वारा प्रार्थना गरी आएको हुनाले उहाँ बस्नुहुने मण्डप ध्वजा-पताकादि अनेककानेक किंकिनी जालसहित मैत्रेय तथागत जहाँ-जहाँ जानुहुन्छ, त्यहाँ-त्यहाँ पछि-पछि नै गइरहने छ ।

सारिपुत्र ! मैत्रेय तथागतले माणिकको पलङ्गासनमा बसेर धर्मदेशना गर्ने समयमा दश हजार चक्रवाल सबैतिर सुनिनेछ । मैत्रेय तथागतले पहिले अतीत तथागतहरूलाई विहार, धर्मशाला, पलङ्गासन, भोजन, चीवर, भैषज्य सुगन्ध-श्रीखण्ड, छत्र, ध्वजा, प्रदीप, कमलको फूल, किंकिनी जाल, चँदुवा, पुष्पमाला आदि अनेकानेक नाना प्रकारद्वारा श्रद्धा चेतनाले प्रसन्न भई दान-पुण्य गरिआएको कारणले सम्पूर्ण लोकमा विद्यमान श्रीऐश्वर्य, मङ्गल जति सबै मण्डपमा थुपारिएसरि हुनेछन् । मैत्रेय तथागत दायकहरूले भोजनार्थ निमन्त्रणा गर्ने समयमा जानुपर्दा रत्नमय

Downloaded from http://www.dhamma.digital

मण्डप आकाश मार्गबाटै दायकहरूको घरको ढोकामा स्थिर भइराख्ने छ । उक्त मण्डपमा झुण्डिएको घण्टीको शब्द सबैतिर सुनिनेछ । त्यस बखत तथागत आउनुभयो भनी देव मनुष्य तथा नागहरूले भोजन प्रदान गर्नेछन् । भोजन ग्रहणपश्चात् पुण्यानुमोदन गर्ने अवस्थामा पनि चक्रवाल भरिनै सुनिनेछ । मुनष्यहरूले आ-आफ्नै घरमा बसी तथागतले धर्मदेशना गर्नुभएकोझैं अनुभूति गर्नेछन् । पुनः अचिन्त्य रूपले महान् आश्चर्ययुक्त तथागतको श्रीशोभालाई दृष्टिगत गरिराखेकोले पनि, उहाँप्रति नै मात्र शरण जाने भएकाले उनीहरूले पञ्चशीलादि कर्मस्थान भावनातिर उद्योग बल गरी मार्गफल प्राप्त पनि गर्नेछन् ।

सारिपुत्र ! त्यस समयमा मिथ्यादृष्किहरू कोही पनि हुनेछैन । मनुष्यहरूले दस कुशल पुण्य क्रिया गरिराखेको कारणले, शासनलाई परिशुद्ध रूपले आधार प्रदान गरिराखेको कारणले पनि देहान्त हुँदै देवलोक, ब्रह्मलोकतिर नै मात्र पुग्ने हुनेछन् । त्यस समयका मनुष्यहरू धन, जन, श्रीसम्पत्ति, परिवार, सुख ऐश्वर्यले पूर्ण हुनेछन्, पीर-चिन्ता एवं शोक-सन्ताप भन्ने केही पनि हुनेछैन्, सुखपूर्वक जीवन व्यतित गर्नेछन्, देवलोक समान नै बन्नेछ ।

सारिपुत्र ! मैत्रेय तथागत असी हजार वर्ष हुने अवस्थामा, देव-मनुष्यादि सम्पूर्ण लोकजनहरूको हित एवं सुखार्थ तथागतको शासन तीन लाख असी हजार वर्ष स्थापित गरी (विपाक कम्मज रूप निशेष भाव) अनुपादिशेष परिनिर्वाण हुनेछ ।

Downloaded from http://www.dhamma.digital

तसर्थ, अचिन्त्य मैत्रेय तथागतको दर्शन गर्न इच्छुक व्यक्तिहरूले ध्यान दिनुपर्‍यो – तथागतको शासनमा अनुशासित तवरले राम्ररी दान, शील, भावना *(ध्यान)* तिर दृढताले बल र उद्योगपूर्वक अग्रगामी हुनुपर्छ । तथागतको ओवाद *(उपदेश)* ग्रहण गरी तद्नुसार आचरण गर्ने व्यक्तिहरू तथा प्रवजित हुने भिक्षुहरू अथवा कोही कसैले तथागतको शासनमा प्रवेश गर्ने इच्छा हुने व्यक्तिहरूलाई मद्दत र सहयोग दिनेहरू, पञ्चशील ग्रहण गरी अखण्ड रूपले त्रिरत्नको शरणमा पुगेर यर्थाथ गुणानुस्मरण गर्नेहरू तथा बुद्ध-शासनलाई चिरस्थायी बनाउनको लागि स्तूप, चैत्य आदि स्थापना गरी कर्मस्थान भावना गरी गुफा, धर्मशाला र चतुर्दिशाका भिक्षुहरूलाई सांघिक विहार बनाई सुरक्षित गर्नेहरू, बोधिवृक्ष प्रत्यारोपण गरी जल अर्पण गरेर भावभक्ति गर्नेहरू, त्रिरत्नको शरणमा गएका व्यक्तिहरू जसले आवश्यक भएको ठाउँमा, इनार, पोखरी, कुवाँ, पानी-ट्याङ्की, पुल आदि बनाई सुरक्षित गर्दछन् तथा पुनः त्रिरत्नलाई छत्र, ध्वजा, पताका, सुगन्ध, पद्मपुष्प, प्रदीप-पूजा, प्रत्यय प्रदान गर्नेहरू एवं उपरोक्त अनुसार दान-प्रदान, त्रिरत्न-पूजा, भाव-भक्ति, शील, नियम परिपालन गर्नेहरू प्रत्येकलाई आर्य मैत्रेय तथागतको दर्शन प्राप्ति अवश्यम्भावी हुनेछ । अतएवं, उनीहरू यसरी सद्धर्मको अमृतपान गर्न पाउने हुनसक्छन् ।

सारिपुत्र ! क्रमिक रूपले आर्य मैत्रेय तथागतको शासन लोप भइसकेपछि *(भएको लामो समयपछि)* यस भद्रकल्प नाश हुनेछ । त्यसबेलादेखि एक असंख्य

Downloaded from http://www.dhamma.digital

कल्पसम्म बुद्ध, धर्म र सङ्घ भन्ने नामको शब्द मात्र सुन्न पाउने छैन ।

एक असंख्य कल्प बितिसकेपछि पुनः मन्दकल्प भन्ने कल्पमा दुई तथागतको उत्पत्ति हुनेछ । उत्तमो रामराजा र प्रसेनजित कोशल राजा बुद्ध हुनेछन् । त्यो रामराजा बुद्ध हुने समयमा मानिसहरूको आयु ...तीस हजार वर्ष हुनेछ । शरीरको उचाइ असी हात हुनेछ, श्रीखण्ड-चन्दन बोधिवृक्ष हुनेछ । उक्त बुद्धशासन लोप भइसकेपछि त्यसै कल्पमा प्रसेनजित कोशल राजा भन्ने धर्मराजा बुद्ध हुनेछन् । त्यस समयमा मानिसहरूको आयु पचास हजार वर्ष हुनेछ । शरीरको उचाइ साठी हात हुनेछ, नागरुक्ख बोधिवृक्ष हुनेछ ।

धर्मराजा सम्बुद्ध परिनिर्वाण हुनुभयो भने उक्त मन्दकल्पको पनि विनाश हुनेछ । अनि पुनः अर्को ...कल्प भन्ने कल्पको उत्पत्ति हुनेछ । त्यसमध्ये अभिभू नामक देवराज भन्ने धम्मसामि बुद्ध हुनेछ । त्यस समयमा मानिसहरूको आयु एकलाख वर्ष र शरीरको उचाइ असी हात हुनेछ । सालवृक्ष बोधिवृक्ष हुनेछ ।

धम्मसामि तथागतको शासन लोप हुँदा उक्त कल्पको पनि विनाश हुनेछ । अनि एक लाख ...सम्म शून्य कल्प बन्नेछ । त्यसपछि धेरै कल्प बितेपछि, अभिभू देवता, दीघसोनी राहु, चण्डनि ..., शुभमाणवक ब्राह्मण, तोदेय्य ब्राह्मण, नालागिरि हात्ती, परिलेय्य गजराज आदि क्रमिकरूपमा बुद्ध

Downloaded from http://www.dhamma.digital

हुनेछन् भनी भगवान् तथागतले भविष्यवाणी आज्ञा गर्नुभयो ।

सारिपुत्र स्थविरले पुनः प्रार्थना गर्नुभयो – "भो भगवान् ! आर्य मैत्रेय तथागतको रश्मि दिन र रात पनि छुट्याउन नसक्ने तवरले प्रकाश भइरहनुको कारण भने के-कस्तो पुण्यको आनुभाव हो ? हामीहरूलाई अनुकम्पा गरेर आज्ञा गर्नुहोस् ।"

तथागतले आज्ञा गर्नुभयो–"हे सरिपुत्र ! अतीत कालमा इन्द्रपथ *(इन्द्रपतन)* भन्ने नगरमा मैत्रेय बोधिसत्त्व शङ्ख चक्रवर्ती राजा भनी राजा भए । त्यो देश चौडाइको हिसावले तीस योजन र लम्बाइको हिसावले सतरी योजन रहेछ । त्यस देशको ढोका चारवटा थिए । उक्त ढोका एउटा-एउटामा पनि एक-एक कल्पवृक्ष उम्रेर आयो । उक्त शङ्ख चक्रवर्ती राजा तल्लाको हिसावले सात तल्ला भएको अत्यन्तै उचाइको देव भुवन समानको प्रासादमा सुख-भोग गरिरहेका थिए । लोकमा तथागतको उत्पत्ति हुने कुरा नजानेर जान्नको लागि तिनले बुद्ध, धर्म र सङ्घ भन्ने लोकमा उत्पन्न भए, फलाना ठाउँमा छन् भनी समाचार सुनाउनेलाई तिनले आफ्नो चक्रवर्ती राज्यसम्म प्रदान गर्ने प्रतिज्ञा गरी रत्नमय फूलको ढकी समाई अधिष्ठान गरेका थिए ।"

पछि सिरिमत तथागतको शिष्य **श्रामणेर** एकजना त्यही नगरमा भिक्षा गर्नको लागि घुम्दै आए । उसलाई देखेर चक्रवर्ती राजाले श्रामणेरलाई सोधे-"भो माणवक ! तिमी को हौ ? मनुष्य हौ कि देवता ?"

Downloaded from http://www.dhamma.digital

श्रामणेर – "महाराज ! मलाई श्रामणेर भनी भन्दछन् ।"

राजा – "माणवक ! तिमीलाई के कारणले श्रामणेर भनेको हो ?"

श्रामणेर – "महाराज ! हामी भने त्रिरत्नसहित दसशील पालन गरिराख्ने भएको हुँदा अकुशल कर्मरहित भएर श्रामणेर भनिएको हो ।"

श्रामणेरको वचन सुनेर राजाले – 'म उहाँको पादुका *(खुट्टा)* मा वन्दना गर्नेछु' भनी प्रासादको द्वार खोलेर हाम्फालेर आए । त्यस बखत राजाको मनमा प्रीति सोमनस्स उत्पत्ति भएको कारणले उनी तुरुन्त नै तल पुगे । राजा तल पुग्नासाथ तत्क्षणमै गाडाको पाङग्रासमानको ठूलो कमलको दुइटा फूल उत्पन्न भई राजाको दुइटै खुट्टालाई पनि आधार प्रदान गऱ्यो । त्यसै कमलको फूलमा टेकेर राजाले श्रामणेरको खुट्टामा शीरले वन्दना गर्दै यसरी बिन्ति गरे – "भो भन्ते ! लोकमा तपाईं नै मात्र श्रेष्ठ हो कि अथवा तपाईंभन्दा पनि उच्च अरू कोही छन् ?"

श्रामणेर – "महाराज ! मभन्दा पनि महोत्तम भएका हाम्रा शास्ता गुरु तथातग हुनुहुन्छ ।"

राजा – "तथागत कहाँ हुनुहुन्छ त ?"

श्रामणेर – "यो देशबाट बाव्ह योजन टाढाको ठाउँमा अवस्थित पूर्बाराममा विराजमान हुनु हुन्छ ।"

Downloaded from http://www.dhamma.digital

राजाले – 'त्यसो हो भने तथागत भएको ठाउँमा नै म जान्छु' भन्ने दृढ संकल्प गरी, श्रामणेरलाई 'चक्रवर्ती राज्य, श्रीसम्पत्ति सबै भोग गर्नुहोस्' भनी राजा जल धारासँगै दान दिएर, राजगद्दीमा राखेर पुण्यानुमोदन गरिसकेपछि तथागत जहाँ विराजमान हुनु हुन्थ्यो, उतैतिर लक्ष गरी निस्के ।

राजा दिनभरि हिंड्दा हिंड्दा खुट्टाको पैतालामा फोका उठेर प्वाल पऱ्यो । दुई दिन हिंड्दा राजा खुट्टा टेक्न नै नसक्ने भए । पैतालाले टेकेर हिंड्न असक्षम भएपछि राजा हात र घुँडाले टेकेर अगाडि बढे । एवं तरिकाले चार दिनजति घुँडा र हातले टेकेर जाँदै गर्दा राजाको मनमा कहिले मात्र तथागत समक्ष पुग्न सकिएला भनी हतारियो । पाँच दिन हुँदा पनि यसरी नै फेरि जान तम्तयार भए । त्यस समयमा बुद्ध तथागतको दिव्य चक्षु ज्ञानले दश हजार चक्रवाल सबैतिर हेर्नुहुँदा शङ्ख चक्रवर्ती राजालाई देखेर उसको कारण यसरी देख्नुभयो 'शङ्ख चक्रवर्ती राजा मकहाँ दर्शन गर्न आउँछु भनी अति कष्ट भोगिरहेका छन् । यदि त्यहाँ उसलाई मार्गनिर्देशन गर्ने कुनै एक पनि गएन भने ती मकहाँ नपुग्दै आवश्यमेव उसको मृत्यु हुनेछ ।'

त्यस बखत तथागतको भित्री मनको आशयलाई एक देवताले ज्ञात गरी, गाडीवानको भेष धारण गरी गाडीसहित उक्त राजाकहाँ पुगे ।

राजा-"भो, गाडीवान बाजे ! म जानको लागि बाटो छोड्नुस् ?"

Downloaded from http://www.dhamma.digital

गाडीवान – "म बाटो छोडदिनं । भन ! तिमी कहाँ जाने हो ?"

राजा – "मं तथागतकहाँ जान लागेको हुँ ।"

गाडीवान – "तथागतकहाँ जाने हो भने तथागत हाम्रा गुरु हुनुहुन्छ, म तिमीलाई पुऱ्याइदिन्छु, यो गाडीमा बस्न आऊ ।"

राजा – "तथागतकहाँ पुऱ्याइदिने हो भने असल नै भयो ।"

यति भनी शङ्ख चक्रवर्ती राजा उक्त गाडीमा सवार भए । त्यसै समयमा सुजिता *(सुजाता)* भन्ने देवकन्याले राजाको परिश्रम एवं कष्ट भएको देखेर दिव्य भोजन ल्याई गाडीवानको सामु पुगेर भने – "भो गाडीवान बाजे ! यो भोजन लिनुहोस् ।"

गाडीवान – "भो देवी ! मलाई त आवश्यक छैन तर गाड़ा भित्र सन्चो नभएको एक जना छ, उसैलाई देऊ ।" *(देवकन्या भोजन प्रदान गरी फर्केर गइन् ।)*

पुनः तुरुन्तै देवराज इन्द्रले पानीको भाँडो ल्याई गाडीवानको समक्ष पुगेर भने – "भो गाडीवान बाजे ! यो पानीको भाँडो चाहिएमा लिनुहोस् ।"

गाडीवान – "भो देव ! मलाई त आवश्यक छैन तर गाडीभित्र एक अशक्त व्यक्ति छ, उसैलाई दिनुस् ।" *(देवराज इन्द्र पनि पानीको भाँडो दिई फर्केर गए ।)*

Downloaded from http://www.dhamma.digital

राजा पनि अत्यन्तै नै भोका र प्यासा भएको कारणले देवकन्या र इन्द्रले दिएको भोजन र पानी खान पाउँदा शीघ्र रोग, ब्याधि सबै हरण भई तङ्गिए ।

क्रमशः विहारको अगाडि नजिकै पुग्दा राजालाई गाडीवानले भने-"अब तिमी यही नै ओर्लेर जाऊ । म आफ्नै बाटो लाग्नेछु ।" यति भनी राजालाई गाडीबाट ओराल्न लगाई देवता पनि आफू चाहिने बाटो लागे ।

राजा त्यही नै झरेर विहारमा प्रवेश गरे । त्यस बखतमा सर्वज्ञ तथागत पनि विहार भित्रको बुद्धासनमा शोभायमान तवरले बस्नुभएको थियो । राजाले तथागतको दर्शन गरे । दर्शन प्राप्त गरिसकेपछि राजाले मनमनमा 'साच्चै नै मैले दिव्य भोजन गरेको कारणले मात्र तथागतको दर्शन गर्न पाएको हो' भनी विचार गरेर तथागतसमक्ष प्रार्थना गरे – "भो तथागत ! मलाई लामो धर्मदेशना नगर्नुहोस्, छोटो मात्र आज्ञा गर्नुहोस् ।"

तथागतले पनि उनको चित्तको आशय जान्नु भई पुण्य पारमिता पूर्ण गर्ने सम्बन्धमा उपदेश गर्नुभयो ।

उक्त उपदेश सुनेर शङ्ख राजाले पुनः बिन्ति गरे- "भो तथागत ! मलाई धर्मदेशना यति नै भए पुग्छ, क्षमा गर्नुहोस्, भगवान् ।"

त्यसै समयमा नै कुनै एकले सोध्यो-"किन तिमीले अल्प मात्र धर्मदेशना सुनेका हौं ?"

Downloaded from http://www.dhamma.digital

राजाले उत्तर दिए-"मलाई धर्मदेशना धेरै दिनुभयो भने ममा पूजा गर्ने सामग्रीको अभाव छ। त्यसै कारणले धर्मदेशना मात्र सानो भएमा केही थोरै भए पनि पूजा गर्न सक्षम हुनेछु।"

यसरी भनिसकेपछि मनमा चिन्तना गरे 'तथागतको धर्म पनि अतिश्रेष्ठ रहेछ। त्यसकारण, यो मेरो टाउको नै पूजा गर्छु।' यति विचार गरेर राजाले आफ्नो शीर पूजा गरेर यसरी प्रार्थना पनि गरे "यस पुण्यको आनुभावले पछि म तथागत हुने समयमा जसरी तपाईंले धर्मचक्र प्रवर्तन आदि गर्नुभएको हो, त्यसरी नै म पनि गर्न सकुँ, फेरि, मेरो यो शीर पूजाद्वारा शरीरको रश्मि दिन-रात सदैव नै जताततै प्रकाशमान होस्।"

यस प्रकारले तथागतलाई पूजा गरिसकेपछि राजाको देहान्त भयो। एवंरीतले दान-प्रदान गरी प्रार्थना गरिआएको कारणले उनी आर्य मैत्रेय तथागत हुने समयमा दिन-रात नै छुट्याउन नसक्ने गरी रश्मि प्रकाश हुने भएको हो भनी भगवान् शाक्यमुनि तथागतले सारिपुत्रलाई आज्ञा गर्नुभयो।

**अनागत वंश समाप्त।**

Downloaded from http://www.dhamma.digital

# बोधिनी

**राम राजा** = यिनी पनि एक बोधिसत्त्व हुन् । वर्तमान भद्र कल्पको विनाश भएपछि एक असंख्यसम्म शून्य कल्प हुनेछ । बुद्धहरू उत्पन्न हुनेछैनन् । एक असंख्य कल्प बितेपछि मन्द कल्प हुनेछ । त्यससमय राम सम्बुद्ध उत्पन्न हुनेछ ।

काश्यप बुद्धको समयमा यिनी त्रिरत्नप्रति श्रद्धा र प्रसान्न भएका नारद भन्ने व्यक्ति भएर ब्राह्मण कुलमा जन्म लिएका थिए । यिनले आफ्नो शरीर जलाई प्रदीपसमान पूजा गरेर बुद्धलाई अर्पण गरेका थिए ।

**पसेनदी (प्रसेनजित्)** = कोशल नरेश । पिता : महाकोशल । पत्नीहरू : मल्लिकादेवी, बिम्बिसारकी बहिनी, वासभखत्तिया, सोमा, सुकुला, उब्बिरा । छोराहरू : विडूडभ, ब्रह्मदत्त, जेतकुमार आदि । छोरीहरू : सुमना, वजिरा, जीवन्ती । बहिनी : कोशलदेवी(बिम्बिसारकी पत्नी) ।

यिनी एक बोधिसत्त्व हुन्, गौतम बुद्धप्रति यिनको अनन्य श्रद्धा, भक्ति थियो । मन्दकल्पमा राम सम्यक्सम्बुद्धपछि यिनी धर्मराज भन्ने बुद्ध हुनेछन् । यिनी कोणगमन बुद्धको पालामा शुद्ध माणवक भन्ने व्यक्ति भएर जन्मेका थिए र बुद्धलाई यिनले कमलको

Downloaded from http://www.dhamma.digital

फूल र कपड़ा दान गरी बुद्ध हुनलाई पुनः प्रार्थना गरेका थिए ।

**अभिभूदेवता** = यिनी एक बोधिसत्त्व हुन्, गौतम बुद्धको पालमा यिनी देवता भएर जन्मेका थिए । मन्द कल्पपछि सार कल्पमा यिनी बुद्ध हुनेछन् ।

यिनी काश्यप बुद्धको पालमा महासेनापति भएर जन्मेका थिए । यिनको नाम बोधि अमात्य थियो । यिनले राजदण्डको वास्ता नराखी भगवान् बुद्धलाई भोजन र कपडा दान दिएका थिए । राजाले भन्दा अगाडि दान दिएकोले यिनलाई राजदण्ड दिइयो र यिनीलाई मशानमा लगिएर मारियो । मृत्यु पश्चात उनी तुषित देवलोकमा उत्पन्न भए ।

**दीघसोनी** = यिनी एक बोधिसत्त्व हुन्, गौतम बुद्धको पालमा यिनी राहु असुरिन्द भएर जन्मेका थिए । सार कल्पपछि लक्षण कल्पमा यिनी नारद भन्ने बुद्ध हुनेछन् ।

Dhamma.Digital

काश्यप बुद्धको पालामा यिनी सिरिगुत्त भन्ने राजा भएर जन्मेका थिए । सर्वज्ञ ज्ञान प्राप्त गर्नका लागि यिनले आफ्नो छोरा-छोरीसम्म त्याग गरी बुद्ध हुनलाई प्रार्थना गरेका थिए ।

**चंकी** *(चण्डनी ब्राह्मण)* = कोशल राज्यको ओपसाद गाउँको एक समृद्धशाली ख्याति प्राप्त ब्राह्मण कुलमा चंकी ब्राह्मणको जन्म भएको थियो । पछि उनी कोशल राजाका पाँचजना पुरोहितहरू-चंकी, तारुक्ख,

Downloaded from http://www.dhamma.digital

पोक्खरसाति, जानुस्सोणी र तोदेय्यमध्ये प्रमुख हुन पुगे । यिनले कोशल राजाबाट भूसम्पत्ति तथा पशुसम्पत्ति पनि पाएका थिए । कर पनि उठाएर लिन्थे । गाउँको झगडाहरू पनि हेर्थे र अपराधीहरूलाई दण्ड पनि दिन्थे । अतः यिनी गाउँका अधिपति नै थिए । स्वेत छत्रधारी भई ऐशआराममा बस्थे । भोगविलासको कुनै कमी थिएन ।

भगवान् कोशलदेशमा चारिका गर्दै, धेरै भिक्षुहरूका साथ ओपसाद गाउँमा आइपुग्नुभएको थियो र ओपसाद गाउँको उत्तरपट्टि देववन शालावनमा बस्नु भएको बेला चंकी ब्राह्मण त्यहाँ गई अनेक प्रश्न गरी भगवान् बुद्धको शरणमा गएका थिए ।

मन्द कल्पमा नारद बुद्धपछि यिनी रंसी (रश्मि) मुनि बुद्ध हुनेछन् । यिनी ककुसन्ध भगवान् बुद्धको पालमा एक ब्यापारी कुलमा मघमाणव भई जन्मेका थिए । यिनले बुद्धको अग्रश्रावकलाई सुर्वण मुद्रा र कम्बल दान गरी भविष्यमा बुद्ध हुन पाउँ भनी पुनः प्रार्थना गरेका थिए ।

**शुभमाणवक** = तोदेय्य ब्राह्मणको छोरा । शरीर राम्रो भएको हुनाले तोदेय्य पुत्रलाई 'शुभ माणव' भन्थे । शुभ माणव सामुद्रिक विद्यामा कुशल थिए । यिनी कर्म-फल.... आदि प्रश्न सोधी अन्तमा बुद्धको शरणमा गएका थिए ।

यिनी अर्को मन्द कल्पमा देवदेव बुद्ध हुनेछन् । कोणगमन भगवान् बुद्धको समयमा शुभ माणवले

Downloaded from http://www.dhamma.digital

छद्दन्त हात्ती भएर जन्म लिएका थिए । कोणगमन बुद्धको एकजना कौण्डञ्य भन्ने श्रावक त्यस स्थानमा परिनिर्वाण भएको हुनाले यिनले आफ्नो दन्त चढाई अन्तिम संस्कार गरी बुद्ध हुनलाई कामना गरेका थिए ।

**तोदेय्य** = श्रावस्ती नजिककै 'तुदी' भन्ने गाउँ थियो । यस गाउँको मालिक तोदेय्य नामक ब्राह्मण थिए । 'तुदी' गाउँको मालिक भएको हुनाले उनलाई तोदेय्य भनिएको हो । तोदेय्य ब्राह्मण प्रसेनजित कोशल राजाको पाँच पुरोहित मध्ये एक थिए । उनले कोशल राजाबाट अनेक, गाउँ, खेत र धनसम्पत्ति पाएका थिए । उनीसँग ४५ करोड धन सम्पत्ति थियो । तोदेय्य ब्राह्मण श्रावस्ती नजिकैको गाउँमा बसे तापनि उनले कहिले पनि बुद्धलाई वा भिक्षुसङ्घलाई एक डाडू यागु वा एक पन्यू भात पनि दानको रूपमा दिन सकेनन् । उनी परम कन्जूस थिए । उनी परलोक भएपछि आफ्नै घरमा कुकुर भएर जन्मे ।

उनी त्यही मन्द कल्पमा नरसिंह बुद्ध हुनेछन् । काश्यप बुद्धको शासन लोप भएपछि उनी यही भद्र कल्पमा नन्द माणव भएर जन्मे । एक दिन प्रत्येक बुद्ध भिक्षाचरणमा आउनुहुँदा नन्द माणवले प्रत्येक बुद्धलाई देखेर पञ्चाङ्ग वन्दना गरी कम्वल र सुर्वण मुद्रा दान गरेका थिए । दान दिएको पुण्यले बुद्ध हुन पाउँ भनी उनले पुनः प्रार्थना गरेका थिए ।

**नालागिरि हात्ती** = देवदत्तले बुद्धलाई मार्न अनेक प्रयत्न गर्दा बिफल भएपछि अजातशत्रुलाई

Downloaded from http://www.dhamma.digital

प्रभाव पारी प्रमत्त, बलशाली, स्वभावले मनुष्य घातक भगवान् शहरमा भिक्षाटनको लागि निस्कनु भएको बेला बुद्धलाई मार्नको लागि छोडेको नालागिरि नामक हात्ती ।

**परिलेय्य हात्ती** = बुद्धलाई जङ्गलमा ३ महिनासम्म सेवा गर्ने हात्ती ।

**बेलुवन विहार** = बुद्धशासनको पहिलो विहार, जुन मगधाधिपति राजा बिम्बिरसारले भगवान् बुद्ध *(बुद्ध भइसकेपछि)* प्रथम पल्ट राजगिरि नगरमा आउनु हुँदा उहाँलाई दान गरेका थिए । बाँसैबाँसको बगैंचा भएकोले बेलुबन *(वेणुवन)* भनिएको हो ।

**अजातशत्रु** = मगध नरेश । पिता : बिम्बिसार । माता : कोशलदेवी *(राजा प्रसेनजितकी बहिनी)* । पत्नी : बजिरा । छोरो : उदयभद्र । देवदत्तको लहलहैमा लागेर पिता राजा बिम्बिसारलाई हत्या गरेर राज्यसत्ता प्राप्त गर्ने *(राजा अजातसत्रु)* । यही पितृहत्याको परम्परा उक्त कुलमा धेरै पुस्तासम्म यथावत् जारी नै रहेको थियो ।

**अंश** = बुद्धशासनमा अंशियार बन्न भौतिक धन (सम्पत्ति अल्याख) अनगिन्ती दिनुभन्दा आफ्ना सन्तानलाई परित्याग गरेर भिक्षु-भिक्षुणी बनाउन सक्नुपर्छ । यही आशय ज्ञात गरेर राजा अजातशत्रुले बुद्धको शासनमा अंशियार बन्ने तीब्र इच्छाले आफ्ना पुत्र कुमार अजितलाई सुनाउँछन् ।

**प्रव्रजित** = घर-गृहस्थी, परिवार-सम्पत्ति सम्पूर्ण त्याग गरेर काषयवस्त्र *(गेरुवस्त्र)* धारण गरेर श्रामणेर, भिक्षु, सन्यासी बन्नु नै प्रव्रजित हुनु हो ।

Downloaded from http://www.dhamma.digital

**प्रज्ञा** ***(ज्ञान)*** = प्रज्ञाको क्षेत्र त्रिपिटकमा बृहद् रूपमा ब्याख्या गरिएको छ तर यहाँ छोटकरीमा जान्नको लागि प्रज्ञा भन्नाले १) लौकिक प्रज्ञा र २) लोकोत्तर प्रज्ञा छ भनेर जान्नु पर्छ । लौकिक प्रज्ञा भन्नाले लोकसम्वन्धी ज्ञान हो जुन ज्ञानले एकतीस लोकमा नै चक्र काटेर बस्नु पने हुन्छ र लोकोत्तर प्रज्ञाले चाहिं मुक्तिको बाटो देखाउँछ ।

पाँच प्रकारका प्रज्ञाहरू *(विशेष बुद्धि)* छन् जस्तै –

१. पुर्ख्यौली प्रज्ञा-वंशानुगत प्रज्ञा ।

२. श्रुतमय प्रज्ञा-सुनेर र पढेर प्राप्त गरेको प्रज्ञा ।

३. चिन्तनमय प्रज्ञा-विचार चिन्तनबाट प्राप्त प्रज्ञा ।

४. भावनामय प्रज्ञा-आनुभाव *(ध्यान)* बाट प्राप्त प्रज्ञा ।

५. स्थानोचित प्रज्ञा-स्थानअनुसारको प्रज्ञा ।

**स्थविर** = दस वर्षसम्म भिक्षु भएर दस वर्षावाष पूरा गरेको भिक्षुलाई स्थविर भनिन्छ ।

**कपिलवस्तु** = शाक्यमुनि बुद्धका पिता राजा शुद्धोदनको राज्य, जहाँ बुद्धले आफ्ना जीवनका प्रारभिक उनन्तीस वसन्त बिताउनुभएको थियो । बुद्ध भइसकेपछि पनि उहाँ चार पाँच पल्टसम्म यहाँ आउनु भएको थियो ।

**प्रजापति गौतमी** = कपिलवस्तुकी महारानी, प्रथम भिक्षुणी । पिता : अञ्जन । आमा : यशोधरा ।

Downloaded from http://www.dhamma.digital

पति :शुद्धोदन । दिदी : महामायादेवी । छोरा : नन्द । छोरी : नन्दा कुमारी । माइतीघर : देवदह । सिद्धार्थको जन्मपछि सात दिनमा आमा महामायादेवीको मृत्युपश्चात् आमा भएर बालकको सम्पूर्ण जिम्मेवारी वहन गर्ने कान्छी आमा जसले स्वयं आफ्नो भर्खरको बालकलाई धाई आमाको जिम्मामा सुम्पेकी थिइन् । असी वर्षको उमेरमा तिनी भिक्षुणी भइन् र एकसय बीस वर्षको उमेरमा परिनिर्वाण भइन् ।

**चीवर** = भन्ते भिक्षुहरूले लगाउने वस्त्र जस्तैः– अन्तरवास *(लुङ्गी)*, उत्तरासँग *(भिक्षुले जीउको माथिल्लो भागमा ओढ्ने लामो आठ टुक्रा गाँसिएको कपडा)*, सङ्घाटी *(उत्तरासँगभन्दा मोटो दुवै पट्टिबाट ओढ्न हुने कपडा ।)*

**श्रद्धा** = अन्तरहृदयदेखि जागरण हुने आदरपूर्ण भावनालाई नै श्रद्धा भनिन्छ । विवेकपूर्ण तरिकाले विश्वास गरी आदर राख्नु नै श्रद्धा हो जस्तै बुद्धप्रति श्रद्धा, धर्मप्रति श्रद्धा, संघप्रति श्रद्धा ।

अरू पनि ६ थरिका श्रद्धा छन्

१. सम्पसादन श्रद्धा–मन निर्मल हुने पवित्र विचार ।

२. सम्पक्खन्धन श्रद्धा–काम नसकेसम्म दृढ रहनु ।

३. सद्दहन श्रद्धा–त्रिरत्न सम्झी विश्वासपूर्वक काम गर्नु ।

Downloaded from http://www.dhamma.digital

४. ओकप्पन श्रद्धा–भएको विश्वासलाई गतिशील बनाउनु ।

५. आगम श्रद्धा–बोधिसत्त्वको आचरण गर्नु ।

६. अधिगम श्रद्धा–ढुङ्गामा कुँदिएको जस्तो अति दृढ श्रद्धा ।

**६ प्रकारका रश्मि** = बुद्धको शरीरबाट निम्न ६ प्रकारका रश्मिहरू निस्कन्थे-१) नीलो, २) पहेँलो, ३) रातो, ४) सेतो, ५) मञ्जेष्ठ( = कलेजी), ६) प्रभास्वर *(= मिश्रित)* ।

**पञ्चाङ्ग वन्दना** = दुई हात, दुई घुँडा र टाउको एकै साथ भुइँमा टेकेर वन्दना गर्नुलाई पञ्चाङ्ग वन्दना भनिन्छ ।

**श्रीभाग्य** = तथागत बुद्ध ६ प्रकारका महा श्रीभाग्यले सम्पन्न भन्नाले यसरी बुझ्नुपर्छ ।

१) इस्सरिय = आफ्नो चित्त आफ्नो वशमा हुने भाग्य ।

२) धम्म = नौ लोकोत्तर धर्म हुने भाग्य ।

३) यस = परिवार र कीर्ति हुने भाग्य ।

४) सिरि = श्रीशोभाले युक्त हुने भाग्य ।

५) काम = आफूले चिताएको पूर्ण हुने भाग्य ।

६) पयत्त = महान् वीर्य पूर्ण भएको भाग्य ।

Downloaded from http://www.dhamma.digital

**बोधिसत्त्व** = भविष्यमा अवश्य बुद्ध हुने र वर्तमान समयमा बुद्ध हुनुलाई दस पारमिता, दस उप-पारमिता तथा दस परमार्थ पारमिता सञ्चय गर्नका लागि प्रयत्न गर्ने व्यक्ति ।

**दस पारमिता** = कुनै पनि व्यक्तिले बुद्धत्व प्राप्त गर्न सक्छ र यसो गर्न तलका दस कुराहरूमा पूर्णता प्राप्त गर्नुपर्दछ जस्लाई दस पारमिता भनिन्छ । बुद्ध बन्न पूर्ण गर्नुपर्ने बोधिसत्त्व चर्यालाई दस पारमिता भनिन्छ । संसारका दुःखबाट पार लगाउने दस गुण धर्म *(दस पारमिता)* यस प्रकारका छन् -

१) दान

२) शील

३) नैष्क्रम्य *(निष्क्रमण = घर त्याग)*

४) प्रज्ञा

५) वीर्य *(उत्साह)*

६) क्षान्ति *(सहनशीलता)*

७) सत्य

८) अधिष्ठान *(दृढता)*

९) मैत्री

१०) उपेक्षा *(तटस्थभाव)*

**आनन्द स्थविर** = धर्म कोषाध्यक्ष = धर्म भण्डागारिक । पिता : अमृतोदन । आमा : मृगी । बासिन्दा : कपिलवस्तुका । सिद्धार्थको काकाको छोरा ।

Downloaded from http://www.dhamma.digital

आनन्दलाई तथागतको छायाँ मानिन्छ । उनी बुद्धको नीजी सेवक *(उपस्थापक)* थिए । आनन्द बहुश्रुत *(विद्वान्),* स्मृतिमान्, चरित्रवान्, धैर्यवान् ईमान्दार थिए । बुद्ध ५५ वर्षको हुँदा भिक्षु आनन्द बुद्धको स्थायी नीजी सेवक *(=उपस्थापक)* बनेको थिए । त्यतिबेला आनन्द पनि ५५ वर्षकै थिए र उनी २५ वर्षसम्म बुद्धको स्थायी सेवक रहिरहे । भिक्षु आनन्द स्थविरको प्रयत्नले स्त्रीहरू सर्वप्रथम प्रव्रजित हुन पाएका थिए ।

**चतुमहाराज** = सबैभन्दा पहिलो देवलोक, जसको व्याख्या तल गरिएको छ ।

**चक्रवाल** = पर्वतले विभाजन गरिएको चार महाद्वीप सुमेरु पर्वत एउटा मान्नुपर्ने क्षेत्रलाई चक्रवाल भनिन्छ । त्यसैलाई नै लोकधातु पनि भनिन्छ । शासनिक ग्रन्थहरूको भनाइ अनुसार चक्रवाल गोलो नै हुन्छ । यो चक्रवालको चारैतिर त्यस्तै चक्रवालहरू जोड्दै-जोड्दै रहेका हुँदा तिनको अन्त छैन अनन्त छन् ।

अनन्त चक्रवालमा एक लाख कोटि *(करोड़)* चक्रवाललाई आणा क्षेत्र भनिन्छ । तथागतले देशना गर्नुभएको आणा *(प्रभाव)* फैलिन सक्ने क्षेत्र हो । किन्तु त्यहाँका देवताहरू उपदेश सुन्नलाई आउने त होइन, बुद्धको ऋद्धि आनुभावद्वारा देशनाको आणा *(प्रभाव)* शक्तिको आभास मात्र पुग्ने हुन्छ । यसभन्दा बाहिरको अनन्त चक्रवाललाई विषय-क्षेत्र भनिन्छ ।

Downloaded from http://www.dhamma.digital

जोडदै गएको चक्रवालमध्ये चारैतिर स्थिर भएको दस हजार चक्रवाल मात्र जाति क्षेत्र हुन्छ । बोधिसत्त्वप्रतिसन्धि हुने, जन्म हुने अवस्था आदिमा भूकम्प आउने, देव ब्रह्माहरूले बुद्धोपदेश सुन्न आउने आदि तरिकाले समान क्रिया भाव भएको संयुक्त लोकधातुहरू हुन् । तथागतको देशना दस हजार चक्रवालका देव-ब्रह्माहरूले सुन्ने र सुन्न आउने हुँदा यहाँ दस हजार चक्रवाल..... भनी उल्लेख भएको हो ।

चक्रवाल तीन प्रकारका छन् १. जातिखेत चक्रवाल-भगवान् बुद्ध जन्मने स्थान । २. आणखेत चक्रवाल-बुद्धको अधिनमा भएको चक्रवाल जहाँ बुद्ध गएर देशना गर्नसक्नु हुन्छ । ३. विषयखेत चक्रवाल-भगवान् बुद्धको बशमा नभएको चक्रवाल, अनन्त चक्रवाल ।

**सप्तरत्न** = सातवटा भौतिक रत्नलाई नै यहाँ सप्तरत्न भनिएको हो । सप्तरत्न यस प्रकारका छन्- १. चक्ररत्न, २. हस्तिरत्न, ३. अश्वरत्न, ४. मणिरत्न, ५. स्त्रीरत्न, ६. गृहपतिरत्न, ७. परिणयकरत्न ।

यी सात नश्वर भौतिक रत्नभन्दा उच्च, श्रेष्ठ सप्तरत्न आर्य धन छन् – जुन यस प्रकारका छन् - १. श्रद्धा *(बुद्ध, धर्म, सङ्घमा श्रद्धा)* धन । २. शील *(शुद्ध आचरण)* धन । ३. हिरि *(पाप कर्म गर्नुमा लाज मान्नु)* धन । ४. ओत्तप्प *(पाप कर्म गर्नुमा भय)* धन । ५. श्रुत *(बहुश्रुत = धेरै कुराको जानकारी राख्नु)* धन । ६. त्याग *(दान दिन सक्ने)* धन, ७. प्रज्ञा *(विवेक, बुद्धि)* धन ।

Downloaded from http://www.dhamma.digital

**योजन** = दूरीको एक नापो *(करिब दुई माइल)*।

**चादुवा** = चार कुने कलात्मक झल्लरदार कपड़ा-देवमण्डप, पूजाकक्ष, राजसिहासन वा अन्य कुनै विशिष्ट आसन वा मण्डपमाथि छतमा टाँगिने कपड़ा।

**भद्रकल्प** = भद्रको अर्थ हो अति नै राम्रो। जुन पाँच बुद्ध जन्मिने कल्प हो त्यसलाई भद्रकल्प भनिन्छ। अहिले भद्रकल्प चलिरहेको छ। चार बुद्ध जन्मिसके *(कुकुछन्द, कोणगमन, कश्यप र गौतम बुद्ध)* मैत्री तथा अन्तिम बुद्ध जन्मन बाँकी छ।

**निरोध समापत्ति** = चार अरूपावचर ध्यानहरू-बाट उतीर्ण भएपछि 'संज्ञा वेदचित निरोध' ध्यानमा पुगिन्छ र यसैलाई निरोध समापत्ति पनि भनिन्छ। यो सर्वोच्च ध्यानमा संज्ञा पनि निरोध भई प्रज्ञा उत्पन्न हुन्छ। अर्हत्हरू मात्रै यो ध्यानमा पुग्छन्।

**सारिपुत्र स्थविर** = धर्म सेनापति। बुद्धको दाँया हात भनिने। बुद्धको मुख्य शिष्य। प्रज्ञामा अग्रस्थान प्राप्त भिक्षु। पिता : वङ्गन्त। आमा : रूपसारी। भाइहरू : चुन्द, उपसेन, रेवत। बहिनीहरू : चल, उपचल, शिशुपचल। गृहस्थी नाम : उपतिष्य। बासिन्दा : नालक *(उपतिस्स)* गाउँका, राजगृह। सारिपुत्रलाई अस्सजितले बुद्ध धर्ममा ल्याएका थिए। अति सहनशील भएको हुनाले सारिपुत्रलाई सिङ नभएको गोरु भनिएको थियो।

**परिनिर्वाण** = बुद्धले भौतिक देहलाई विसर्जन गर्नु *(मरण हुनु)* लाई परिनिवार्ण भनिन्छ। यहाँ

Downloaded from http://www.dhamma.digital

शाक्यमुनि तथागत बुद्धले बैशाख पूर्णिमाको दिन असी वर्षको उमेरमा कुशीनगरको उपवर्तन नामक वनमा दुइटा शालवृक्षको मुनि रात्रीको तेस्रो प्रहरमा उहाँले अनुपादिशेष निर्वाण प्राप्त गर्नुभयो ।

**मार्गफल** = लोकोत्तर मार्ग र फल चार-चार गरी जम्मा आठ प्रकारका हुन्छन् १) स्रोतापन्न मार्ग, २) स्रोतापन्न फल । ३) सकृदागामी मार्ग, ४) सकृदागामी फल । ५) अनागामी मार्ग, ६) अनागामी फल । ७) अरहन्त मार्ग, ८) अरहन्त फल ।

**त्रिपिटक** = सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटकलाई त्रिपिटक भनिन्छ ।

**सङ्घ** = यहाँ भिक्षुसङ्घलाई नै सङ्घ भनिएको हो । वर्तमान नेपालमा सङ्घ कार्यको लागि कमसे कम चार जना भिक्षु चाहिन्छ ।

**जातक** = भगवान् बुद्धको पूर्व जन्मको कथा । यसमा ५४७ कथाहरू छन् । दीपंकर तथागतको सामु सुमेध ऋषि *(सिद्धार्थ)* ले बुद्ध हुनलाई प्रार्थना गरेदेखि बेसन्तरसम्मको कथा, जुन पारमिता पूर्ण गर्नलाई गरिएको बोधिचर्या हो ।

**चतुपटिसम्भिदा** = प्रतिसम्भिदा चार प्रकारका छन् –

१) अर्थ प्रतिसम्भिदा-अर्थ थाहा पाउन सकिने ज्ञान ।

२) धर्म प्रतिसम्भिदा-धर्म थाहा पाउन सकिने ज्ञान ।

३) निरुक्ति प्रतिसम्भिदा-भाषा थाहा पाउन सकिने ज्ञान ।

Downloaded from http://www.dhamma.digital

४) प्रतिभान प्रतिसम्भिदा-अरूलाई बुझाउन सक्ने ज्ञान ।

**अरहन्त** = जन्म-मरणको आवागमनबाट विमुक्त भई परमशान्ति मोक्षपद प्राप्त गर्नेलाई अरहन्त भन्दछन् । कुनै पनि गृहस्थीले गृहस्थीभावमै अरहत्व साक्षात्कार गर्न सक्छ । यस प्रकार अरहत् हुने व्यक्तिले एक साता भित्र गृह त्यागी प्रव्रजित हुन्छ या त देह त्यागी परिनिर्वाण हुन्छ ।

**अनागामी** = एक पटक पनि काम लोकमा जन्म नभई रूपलोक *(१६वटा ब्रह्मलोकलाई रूपलोक भनिन्छ, यहाँ स्त्री पुरुष भन्ने भाव हुन्न)* मा जन्म लिई निर्वाण प्राप्त गर्ने ।

**सकृदागामी** = एक पटकमात्र काम लोकमा *(६ देवलोक १ मनुष्यलोक र ४ अपायलाई कामलोक भनिन्छ जहाँ स्त्री र पुरुष दुवै लिङ्ग हुन्छन्)* जन्म लिई निर्वाण प्राप्त गर्ने ।

**स्रोतापन्न** = निवार्णको स्रोतमा परेको । सात जन्म भित्रमा निर्वाण प्राप्त गर्ने । स्रोतापन्नलाई मोटामोटी तीन भागमा विभाजन गर्न सकिन्छ (१. सतक्खत्तुपरम स्रोतापन्न = अधिकभन्दा अधिक ७ जन्म *(कामलोकमा)* लिएर अन्तिम जन्ममा निर्वाण प्राप्त गर्नेछ । २. कोलानकोल स्रोतापन्न = २ देखि ६ जन्म लिएर निर्वाण प्राप्त गर्नेछ । ३. एक वीज स्रोतापन्न = अर्को जन्ममा निर्वाण प्राप्त गर्ने । स्रोतापन्न भईसकेको व्यक्तिले कहिल्यै पनि नरक, तिर्यक, प्रेत र असुर चार अपाय दुर्गतिमा जन्म लिनु पर्दैन ।

Downloaded from http://www.dhamma.digital

**पाराजिक** = भिक्षुहरूले उल्लङ्घन् गर्न नहुने चार नियमहरूलाई पाराजिका भनिन्छन् ।

१) कसैसँग सहवास गर्नु ।

२) ठूलो चोरी गर्नु

३) मान्छे मार्नु

४) दिव्य शक्ति भएको ढोङ्ग गर्नु

**परियत्ति** = भगवान् बुद्धको शिक्षालाई नै परियत्ति भनिन्छ ।

**मिथ्यादृष्टि** = गलत धारणा ।

**धर्मसोन्दक** = गौतम बुद्ध पहिले यही भद्रकल्पमा काश्यप बुद्धको शासन लोप भएपछि वाराणसी राजाको छोरा *(बोधिसत्त्व)* भएर जन्मेका थिए । उहाँ जन्मेपछि सबै सत्त्वप्राणीको मनमा धर्म चित्त जागेकोले राज्यभिषेक गरेपछि उहाँ त्यहाँका धर्मसोन्दक भनी नामकरण गरिएछ । राज्य-अभिषेक गरेपछि उहाँ त्यहाँका महाराज भए । भौतिक सुखभन्दा अध्यात्मिक सुख ठूलो ठान्ने राजाले जो कसैले भगवान् *(काश्यप बुद्ध)* को बचन भन्छ उसलाई आफ्नो राज्य दिएर नोकरसम्म बन्न तैयार भएका । तर शासन लोप भइसकेको हुनाले कसैले पनि भन्न नसकेपछि उनी आफ्नो राज्य मन्त्रीहरूको हातमा दिएर सम्पूर्ण त्याग गरी बनमा गए । इन्द्रले यक्षको भेष धारण गरी उहाँलाई पर्वतमाथिबाट हामफाल्न लगाई धर्मदेशना गरेका थिए ।

Downloaded from http://www.dhamma.digital

**श्लोक** = इन्द्रले यक्षको रूप धारण गरी काश्यप बुद्धको बचन धर्मसोन्दक *(बोधिसत्त्व)* लाई सुनाएको श्लोक

**अनिच्चा वत सङ्खारा उपादवय धम्मिनो ।**

**उप्पज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो'ति ॥**

अर्थ-सबै संस्कार *(मिलेर बनेको)* धर्म निश्चियरूपमा अनित्य छ । उत्पन्न हुनु विनाश हुनु यसको स्वभाव धर्म हो । उत्पन्न भएको हुनाले अवश्य नाश हुने संस्कार धर्मलाई खतम गर्नुलाई नै निर्वाण परम सुख भनिन्छ ।

**देवलोक** = देवलोक जम्मा ६ वटा छन् ।

१. चतुर्महाराजिक = सबैभन्दा पहिलो देवलोक जहाँ चतुर्महाराज *(धृतराष्ट्र, विरुढक, विरूरुपाक्ष एवं कुवेर)* बस्छन् चतुर्महाराजिक देवताको आयु परिमाण आफ्नो हिसाबले ५०० वर्ष हुन्छ । मनुष्यको ५० वर्ष उनीहरूको एक दिन एक रात हुन्छ । मानिसको गणना हिसाबले *(५००X५०X३०X१२=९०००००००)* उनीहरूको आयु ९० लाख वर्ष हुन्छ ।

२. त्रायतिंश = यो दोस्रो देवलोक हो जहाँ ३३ *(कोटी)* देवताहरू बस्छन् । इन्द्र पनि यही बस्छ । देवताको आयु परिमाण आफ्नो हिसाबले १००० वर्ष हुन्छ । मनुष्यको १०० वर्ष उनीहरूको एक दिन एक रात हुन्छ । मानिसको गणना हिसाबले उनीहरूको आयु ३ करोड़ ६० लाख वर्ष ॰ हुन्छ ।

Downloaded from http://www.dhamma.digital

३. यामा = यो तेस्रो देवलोक हो जहाँ दिन रात छुट्टिन्न । जसरी त्रायतिश देवलोकको अधिपति इन्द्र हो त्यस्तै नै यहाँको अधिपति 'सुयाम' नामक देव हो । देवताको आयु परिमाण आफ्नो हिसाबले २००० वर्ष हुन्छ । मनुष्यको २०० वर्ष उनीहरूको एक दिन एक रात हुन्छ । मानिसको गणना हिसाबले उनीहरूको आयु १४ करोड ४० लाख वर्ष हुन्छ ।

४. तुषिता = यो चौथो देवलोक हो जहाँ प्रकाशमान देवताहरू बस्छन्, बोधिसत्त्वहरू पनि यही बस्छन् । तुषित भूमिको अधिपति 'सन्तुषित' देव हो । देवताको आयु परिमाण आफ्नो हिसाबले ४००० वर्ष हुन्छ । मनुष्यको ४०० वर्ष उनीहरूको एक दिन एक रात हुन्छ । मानिसको गणना हिसाबले उनीहरूको आयु ५७ करोड ६० लाख वर्ष हुन्छ ।

५. निर्माणरति = यो पाँचौ देवलोक हो जहाँ आफ्नो इच्छा पूर्ण गर्ने देवहरू बस्छन् । देवताको आयु परिमाण आफ्नो हिसाबले ८००० वर्ष हुन्छ । मनुष्यको ८०० वर्ष उनीहरूको एक दिन एक रात हुन्छ । मानिसको गणना हिसाबले उनीहरूको आयु दुइ सय तीस करोड ४० लाख वर्ष हुन्छ ।

६. परनिर्मितवशवर्ती = यो छैठौं तथा अन्तिम देवलोक हो । आफ्नो अधीनस्थ सेवकहरूद्वारा निर्माण गरेको आलम्बनमा रमण गर्दछ । देवताको आयु प्रमाण आफ्नो हिसाबले १६००० वर्ष हुन्छ । मनुष्यको १६०० वर्ष उनीहरूको एक दिन एक रात हुन्छ । मानिसको

Downloaded from http://www.dhamma.digital

गणना हिसाबले उनीहरूको आयु ९२१ करोड ६० लाख वर्ष हुन्छ ।

**ब्रह्मलोक** = रूप ब्रह्मलोक १६ र अरूप ब्रह्मलोक ४ गरी जम्मा ब्रह्मलोक २० वटा छन् ।

१६ प्रकारका रूप ब्रह्मलोक यस प्रकारका छन्

१. ब्रह्मपरिसद्य *(ब्रह्माका सेवकहरू बस्ने)*

२. ब्रह्म पुरोहित *(ब्रह्मका पुरोहितहरू बस्ने)*

३. महाब्रह्मा *(ब्रह्मा बस्ने)*

४. परिताभा *(प्रकाशमान भुवन)*

५. अप्रमाणाभा *(अनन्त प्रकाश हुने)*

६. आभस्वरा *(सर्ब प्रकाश हुने)*

७. परिताशुभा *(शुभ भुवन)*

८. अप्रमाणसुभा *(अनन्त शुभ हुने)*

९. शुभकीर्णा *(सर्ब शुभ हुने)*

१०. बृहत्फला *(बृहत फल हुने)* चतुर्थ ध्यान

११. असंज्ञासत्त्वा *(संज्ञा नहुने)*

१२. अविहा *(हरण नहुने)* शुद्धावासा

१३. अतप्ता *(क्लेश ताप नहुने)*

१४. सुदर्शा *(पूर्ण रूप हुने भुवन)*

Downloaded from http://www.dhamma.digital

१५. सुदर्शी *(पूर्ण दृष्टि हुने भुवन)*

१६. अकनिष्ठ *(सर्वोच्च भुवन)*

चार प्रकारका **अरूप ब्रह्मलोक** यस प्रकारका छन् -

१. आकाशानन्त्यायतन भूमि-शून्यता मात्र अनुभव हुने भूमि = पाँचौ ध्यान गरेर प्राप्त गर्ने भूमि,

२. विज्ञानानन्त्यायतन भूमि-विज्ञान *(चेतना)* मात्र बाँकी रहेको भूमि = छैठौं ध्यान गरेर प्राप्त गर्ने भूमि,

३. आकिंञ्चन्यायतन भूमि-अनुभव मात्र-बाँकी रहेको भूमि = सातौं ध्यान गरेर प्राप्त गर्ने भूमि,

४. नैवसंज्ञानासंज्ञायतन भूमि-संज्ञा मात्र बाँकी रहेको भूमि = आठौं ध्यान गरेर प्राप्त गर्ने भूमि ।

**यमक प्रतिहार्य** = जोडाजोडा आगो, पानी आदि ऋद्धि देखाउन सक्ने अलौकिक शक्ति ।

**दसबल** = तथागत् बुद्धमा दस शक्तिहरू हुने हुनाले उहाँलाई 'दसबलले पूर्ण' भनिन्छ । ती दसबल हुन्–

१. कारण-अकारण तथा स्थान-अस्थानको ठीक ज्ञान,

२. कर्म र कर्मफललाई राम्ररी जान्ने ज्ञान,

३. सुगति-दुर्गति आदि सबै गतिको ज्ञान,

Downloaded from http://www.dhamma.digital

४. अनेक धातु नाना धातुको ज्ञान,

५. विभिन्न विचारधारा हुने प्राणीहरूको ज्ञान,

६. परसत्त्वको इन्द्रिय विषयलाई जान्ने ज्ञान,

७. ध्यान, विमोक्ष, समाधि समापत्तिहरूका हानि र अभिवृद्धिको ज्ञान,

८. पूर्वानुस्मरण *(पूर्वजन्म)* का कुरा थाहा पाउने ज्ञान,

९. सबैको सुगति-दुर्गति जान्ने ज्ञान र

१०. निर्वाणलाई साक्षात्कार गर्ने आस्रवक्षय ज्ञान ।

**अस्थिधातु** = भगवान् बुद्धको दाह संस्कारपछि बाँकी रहेका उहाँका अस्थि धातु *(हाड)* जम्मा दुई प्रकारका थिए (१) धूलो नहुने अर्थात आकार नबदल्ने । यस अन्तर्गत दाँत, काँध-घाँटीका हाड *(अक्ष धातु)* र केश धातु पर्छन् । (२) धूलो हुने अर्थात् दाना आकारका हुन गएका हाडहरू । यी पनि ३ प्रकारका थिए (क) तोरी जत्रो, (ख) चामलको आधा दाना जत्रो, (ग) आधी मुङ्गी जत्रो ।

**पञ्चशील** = पञ्चशील भन्नाले पाँच नियमहरू बुझ्नु पर्छ जुन पालन गर्दा यस लोक र परलोकमा सुख पाइन्छ । बौद्धहरूले मात्र होइन जुन कुनै सम्प्रदायको व्यक्तिले पालन गरे राज्यबाट पनि दण्डित हुँदैन र परलोकमा पनि सुखी हुन्छ । शील पालन नगरेको हुनाले आज विश्वमा मनुष्यहरूले अति नै दुःख

Downloaded from http://www.dhamma.digital

पाइरहेका छन् । पाँच नियम भन्नाले यस प्रकारका छन् – १. प्राणीहिंसा नगर्नु, २. परजनको सजीव तथा निर्जीव वस्तुहरूको चोरी नगर्नु, नसोधीकन नलिनु । ३. कामरागले वशीभूत भई कुनै व्यक्तिले परस्त्री/परपुरुष गमन नगर्नु, व्यभिचार नर्गनु । ४. असत्य वचन नबोल्नु । ५. नशालु पदार्थ आदिको सेवन नगर्नु ।

**दुःख** = १.जन्मनु दुःख, २. बृद्ध हुनु दुःख, ३. रोगी हुनु दुःख, ४. मर्नु दुःख, ५. मन नपर्नेसँग बस्नु पर्ने दुःख, ६. मन पर्नेसँग अलग्गिनु पर्ने दुःख, ७. मनले चिताएको पुरा नहुनु दुःख र ८. यो शरीर र मन नै दुःखको पोको हो ।

**सुख** = कुनै पनि पीर, चिन्ता, तनाव र उत्पीडनबाट अलग्गिएर आनन्दित जीवन यापन गर्नु नै सुखपूर्वक जीवन बिताउनु हो । गृहस्थीहरू ४ प्रकारका सुख भोग गर्ने अपेक्षा राख्दछन् । ती सुख यस प्रकारका छन्–

१. अत्थि सुख-आवश्यक चाहिने सम्पूर्ण भौतिक बस्तु आफूसँग छ भन्ने सुख,

२. भोग सुख-भएको सम्पत्ति भोग गर्न पाउने सुख,

३. अऋण सुख-ऋण नभएको जीवन यापन गर्नु, ऋणी नबन्नु सुख,

४. निरवद्य सुख-निर्दोष जीवन जिउनुको सुख ।

Downloaded from http://www.dhamma.digital

सुखमय जीवनको लागि प्रत्येक व्यक्तिमा हुनुपर्ने चार *(चार सम्पदा)* गुण यस प्रकारका छन्-

१. उत्थान सम्पदा-उत्साह र परिश्रम,

२. कल्याण मित्र-असल संगत,

३. आरक्षा सम्पदा-सम्पत्तिको सुरक्षा,

४ समानजीविका-आयअनुसार खर्च ।

**तीस वटा पारमिता** = दस पारमिता, दस उपपारमिता *(दस पारमिता पूर्ण गर्नलाई शारीरिक कष्ट सहने)*, दस परमार्थपारमिता *(दस पारमितालाई पूर्ण गर्न प्राणसम्म नै अपर्ण गर्ने)* लाई नै तीस वटा पारमिता भनिएको हो ।

**पञ्च महापरित्याग** = तलका वस्तुहरू दान दिनुलाई पञ्च महापरित्याग भनिन्छ ।

१. धन-सम्पत्ति दान दिनु,

२. सन्तानहरू पनि दान दिनु,

३. पत्नीलाई पनि दान दिनु,

४. शरीरका अङ्ग-प्रत्यङ्ग पनि झिकेर दान दिनु,

५. आफ्नो प्राणसम्म पनि अर्पण गरी दान दिनु ।

**त्रिचर्या** = बुद्धले तीन उद्देश्यहरूले बोधिज्ञान लाभ गर्नुभएको थियो, जसलाई त्रिचर्या भनिन्छ । ती हुन् –

क) लोकार्थ चर्या = लोकको हित र सुखको लागि गरिने चर्या *(=आचरण)* ।

Downloaded from http://www.dhamma.digital

ख) ज्ञातार्थ चर्या = नाताकुटुम्ब आदिको हित र सुखको लागि गरिने चर्या *(=आचरण)*।

ग) बुद्धार्थ चर्या = ज्ञान लाभ गरी बुद्ध हुनको लागि गरिने चर्या *(=आचरण)*।

**पञ्च महाअवलोकन** = प्रत्येक बोधिसत्त्वले *(बुद्ध हुनलाई)* आमाको गर्भमा प्रतिसन्धि गर्न अगाडि विचार गरी अवलोकन गर्नुलाई पञ्च महाविलोकन भनिन्छ।

क) समय काल = मान्छेको आयु एक सयदेखि एक लाख वर्षको बीचमा हुनु पर्ने।

ख) द्वीप = जम्बुद्वीप हुनुपर्ने।

ग) देश = मध्य देश *(वर्तमान भारतको उत्तरतिरको बीचको देश)* वरिपरि हुनु पर्ने।

घ) कुल = कुलीन अर्थात् ब्राह्मण या क्षत्रीय कुल हुनु पर्ने।

ङ) आमा = शीलवती तथा १० महिना ७ दिन आयु बाँकी रहने।

**पाँच गुणाङ्ग लक्षण** = रूप, यौवनादि पाँच गुणले सम्पन्न हुनु आइमाईहरूमा पाँच प्रकारका गुणहरू अपरिहार्य रहन्छन्, जसलाई पञ्च स्त्री-कल्याण पनि भनिन्छ। ती गुणहरू यी हुन् –

१. **मंस कल्याण**- जीउको मासु कोमल र टम्म मिलेको हुनु,

Downloaded from http://www.dhamma.digital

२. **केश कल्याण**-केश लामो, कालो र आकर्षक हुनु,

३. **अस्थि कल्याण**-दाँत टम्म मिलेको र टल्कने हुनु,

४. **छवि कल्याण**-वर्ण सम्पन्न एवं छाला नरम हुनु,

५. **वयस कल्याण**-सदैव जवान नै देखिरहनु ।

**महानिमित्त** = राजकुमार सिद्धार्थले पनि यी चार महानिमित्तलाई देखेर गृहत्याग गर्नुभएको थियो ।

**महाभिनिष्क्रमण** = बोधिसत्त्वहरूले बोधिज्ञान प्राप्त गर्नको लागि गृहत्याग गर्नुलाई महाभिनिष्क्रमण भनिन्छ । जस्तै सिद्धार्थले २९ वर्षको उमेरमा आषाढ़ पूर्णिमाको रातमा महाभिनिष्क्रमण गर्नुभएको थियो ।

**चम्मर** = चौंरी गाईको पुच्छर जुन धार्मिक कार्यक्रमको लागि प्रयोजन गरिन्छ ।

**अष्ट परिष्कार** = अतिआवश्यक आठ वस्तुहरू भिक्षुहरूको व्यक्तिगत सम्पत्ति हुन्छ । ती हुन् -

१. सङ्घाटि-दुवैपट्टि भएको जीउको माथिल्लो भागमा ओढ्ने चीवर,

२. उत्तरासङ्ग-एकसरो मात्र भएको जीउको माथिल्लो भागमा ओढ्ने चीवर,

३. अन्तरवासक-लुङ्गी,

४ पात्र-धातु, काठ वा माटोको भाडा जसमा

Downloaded from http://www.dhamma.digital

भिक्षा मागेर भोजन गरिन्छ,

५. खुर-कपाल काट्ने छुरा,

६. कायबन्धन-पटुका *(पेटी),*

७. परिस्सावन-पानी छान्ने कपडा,

८. सूचिका-धागो र सियो ।

**पुब्बेनिवास ज्ञान** = पूर्व जन्मको कुरा जान्न सक्ने ज्ञान ।

**दिव्य चक्षु** = देवताहरूको दृष्टिले जस्तै देख्ने कुनै आवरण नभएको, *(नाङ्गो आखाँले देख्न नसक्ने)* सूक्ष्मभन्दा पनि सूक्ष्म चीजलाई देख्न सक्ने ज्ञान ।

**आसवक्खय ज्ञान** = दस प्रकारका क्लेश छन्– १.सत्काय दृष्टि = अहंभावना, आफू र आफ्नो भन्ने भावना । २. विचिकिच्छा = बुद्ध, धर्म र सङ्घप्रति शंका । ३. शीलब्रत परामर्श = अन्धविश्वास तथा बली *(प्राणीको हत्या)* दिएर धर्म हुन्छ , भोकै बसेर धर्म हुन्छ, .......इत्यादि भन्ने गलत धारणा । ४. काम राग = पञ्चकाम तृष्णामा भुल्ने इच्छा । ५. प्रतिघ = अरूप्रति खराव विचार । ६. रूप राग = रूप भूवन तथा १६ रूप ब्रह्मलोकमा जन्म लिने इच्छा । ७. अरूप राग = ४ अरूप ब्रह्मलोकमा जन्म लिने इच्छा । ८.मान = घमण्ड । ९.उद्धच्च = चित्त चञ्चलता । १०. अविद्या = चार आर्य सत्यको अज्ञान । आस्रव *(काम आस्रव, भव आस्रव, दिट्ठी आस्रव)* लाई नाश गर्न सक्ने अर्हत मार्ग ज्ञान ।

Downloaded from http://www.dhamma.digital

**चतुरार्य सत्य** = बुद्धको मूल उपदेश हो चार उत्तम सत्यहरू जसलाई चार आर्य सत्य भनिन्छ । ती हुन् –

१) दुःख सत्य- १. जन्मनु दुःख, २. बृद्ध हुनु दुःख, ३. रोगी हुनु दुःख, ४. मर्नु दुःख, ५. मन नपर्नेसँग बस्नु पर्ने दुःख, ६. मन पर्नेसँग अलग्गिनु पर्ने दुःख, ७. मनले चिताएको पुरा नहुनु दुःख र ८.यो शरीर र मन नै दुःखको पोको हो ।

२) दुःख समुदय सत्य-दुःखको कारण तृष्णा *(काम तृष्णा, भव तृष्णा, विभव तृष्णा)* हो ।

३) दुःख निरोध सत्य *(दुःखको अन्त हुन्छ त्यसलाई निर्वाण भनिन्छ)* । निर्वाण दुई प्रकारका छन् – १. सउपादिशेष निर्वाण *(जिउँदो छँदै नै क्लेश मुक्त हुनु)*, २. अनुपादिशेष निर्वाण *(क्लेश मुक्त गरी देह त्याग गर्नु)*

४) दुःख निरोधगामिनी प्रतिपदा मार्ग सत्य- दुःखलाई अन्त गर्ने आठ मार्ग छन् जसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ ।

१. सम्यक् दृष्टि-ठीक धारणा,

२. सम्यक् संकल्प-ठीक संकल्प,

३. सम्यक् वाचा-ठीक वचन,

४. सम्यक् कर्मान्त-ठीक कर्म,

५. सम्यक् आजीव-ठीक आजीविका,

Downloaded from http://www.dhamma.digital

६. सम्यक् व्यायाम-ठीक प्रयत्न,

७. सम्यक् स्मृति-ठीक स्मृति,

८. सम्यक् समाधि-ठीक एकाग्रता,

**पञ्चमार** = निम्न पाँच शत्रुहरूलाई पञ्चमार भनिन्छ-

१. देवपुत्र मार=वशवर्ती नामक देउता ।

२. क्लेश मार=मनका क्लेशहरू ।

३. अधिसंस्कार मार=अकस्मात् उत्पन्न बाधाहरू ।

४. स्कन्ध मार=पञ्च स्कन्ध *(रूप = शरीर), (वेदना, संज्ञा, संस्कार, विज्ञान=मन)* बाट उत्पन्न बाधा ।

५. मृत्यु मार=मरण ।

**अनेक जाति संसारं......** भगवान् बुद्धले बोधिज्ञान प्राप्त गर्नु भएपछि यो उदान व्यक्त गर्नुभएको थियो जुन गाथा र अर्थ यस प्रकारका छन् –

**अनेक जाति संसारं–सन्धाविस्सं अनिब्बिसं ।**
**गहकारकं गवेसन्तो–दुक्खा जाति पुनप्पुनं ।।**

**गहकारक दिट्ठो'सि–पुन गेहं न काहसि ।**
**सब्बा ते फासुका–भग्गा गहकूटं विसङ्खितं ।**
**विसङ्खारगतं चित्तं–तण्हानं खयमज्झगा ।।**

*अर्थ* – अनेक जन्म बित्यो गृह *(शरीर)* निर्माण गर्नेलाई खोज्दा खोज्दै । मेरो हरएक जन्म दुःखमय भएर बित्यो । अब हे गृह निर्माण गर्ने ! मैले तँलाई

Downloaded from http://www.dhamma.digital

देखिसके, फेरि तैले घर बनाउन सक्ने छैनस् । घर बनाउने काठपात जम्मै भाँचिसकें, घरको धुरी पनि खसाली दिएँ, मेरो चित्त संस्काररहित भई तृष्णाको विनाश भइसक्यो ।

**पञ्चाभिज्ञा** = पञ्च अभिज्ञा भन्नाले दिव्य शक्ति वा ज्ञानलाई बुझिन्छ, जुन कि ऋद्धिद्वारा प्राप्त गर्न सकिन्छ, ती हुन्–

१. ऋद्धिविध ज्ञान = दिव्य चमत्कार ।

२. दिव्यश्रोत ज्ञान = दिव्य सुन्न सक्ने शक्ति ।

३. दिव्य चक्षु = हेर्ने दिव्य शक्ति ।

४. चेतोपरय ज्ञान = अर्काको चित्तको कुरा थाहा पाउने ज्ञान ।

५. पूर्वेनिवासानुस्मति ज्ञान = पूर्व जन्मको ज्ञान ।

**चतुप्रत्यय दायक** = भिक्षुहरूलाई अति आवश्यक हुने चार प्रत्यय जस्तै आवास, भोजन, वस्त्र र औषधी प्रदान गर्ने दातालाई चतुप्रत्यय दायक भनिन्छ ।

**बत्तीस लक्षण** = बुद्ध बत्तीस महापुरुष लक्षणहरूद्वारा परिपूर्ण हुनुहुन्थ्यो । ती हुन् –

१. सुप्रतिष्ठित पाइला,

२. सम्पूर्ण चिन्हहरू भएको पैताला,

३. लामा कुर्कुच्चा,

४. लामा औंला,

५. नरम हातखुट्टा,

Downloaded from http://www.dhamma.digital

६. बराबर औंलाहरू,

७. माथि सरेको गोलीगाँठा,

८. मृगको जस्तो कम्मर,

९. घुँडासम्म पुगेको हात,

१०. प्रतिच्छन्न हुने पुरुषेन्द्रिय,

११. सुवर्ण छाला,

१२. छालामा धूलो नजम्ने,

१३. हरेक रौंको प्वालबाट एक रौं उम्रने,

१४. रोम नीला, दाहिनेबाट घुमेको,

१५. सीधा शरीर,

१६. हात, खुट्टा, काँध, गर्धन पुष्ट,

१७. सिंहको जस्तो कम्मर,

१८. दुवै काँध सुगठित,

१९. आँङको उचाइ र चौडाइ बराबरी,

२०. गोलो गर्दन,

२१. तुरून्तै स्वाद लिने जिब्रो,

२२. सिंहको जस्तो बङ्गारा,

२३. दाँतको सङ्ख्या चालीस,

Downloaded from http://www.dhamma.digital

२४. समान आकारको दाँत,

२५. टम्म मिलेको दाँत,

२६. सेता दाँत,

२७. लामो जिब्रो,

२८. मधुर स्वर,

२९. नीलो नेत्र *(आँखा)*,

३०. बाछाको जस्तो परेला,

३१. निधारमा मसिना रौं,

३२. मुकुट जस्तो टाउको ।

**असी ब्यञ्जन *(चिन्ह)* यी हुन् ।**

१. राम्रा औंलाहरू ।

२. क्रम मिलेका औंलाहरू ।

३. गोल परेका औंलाहरू ।

४. ताम्रवर्णजस्तो नङ्ग ।

५. पुष्ट नङ्ग भएको ।

६. स्निग्ध नङ्ग ।

७. स्पष्ट र पुष्ट गोली गाँठाहरू ।

८. सम्म मिलेका पैतालाहरू ।

Downloaded from http://www.dhamma.digital

९. गजसमान हिंडाइ ।

१०. सिंहसमान हिंडाइ ।

११. हंससमान हिंडाइ ।

१२. ऋषभसमान हिंडाइ भएको ।

१३. दक्षिणावर्त गति ।

१४. सुन्दर गोलाकार घुँडाहरू ।

१५. परिपूर्ण पुरुष ब्यञ्जन ।

१६. छिद्र नभएको नाभिस्थान ।

१७. गहिरो नाभिस्थान ।

१८. दाहिनेतिरबाट भुमरी परेको नाभिस्थान ।

१९. हात्तीको सूँढजस्तै तिघ्राहरू ।

२०. सुविभक्त शरीर ।

२१. क्रम मिलेको शरीर ।

२२. चिल्लो र सफा शरीर ।

२३. घटीबढी नभई परिपूर्ण शरीर ।

२४. नढल्किएको शरीर ।

२५. कुनै पनि कोठी वा दाग नभएको शरीर ।

२६. क्रमानुसार मनोहर शरीर ।

२७. विशुद्ध शरीर ।

Downloaded from http://www.dhamma.digital

२८. शतसहस्र कोटी हात्तीका बल धारण गर्न सक्ने शरीर ।

२९. उन्नत नाक ।

३०. सुरक्त गिजा ।

३१. शुद्ध सेता दाँतहरू ।

३२. स्निग्ध दाँतहरू ।

३३. विशुद्ध इन्द्रियहरू ।

३४. गोलाकार दाँतहरू ।

३५. राता ओँठ ।

३६. लामो मुख ।

३७. गम्भीर पाणि-रेखा ।

३८. लामा रेखा ।

३९. सीधा रेखा ।

४०. मनोहर चिन्ह रेखा ।

४१. चारैतिरबाट कायप्रभामण्डल ।

४२. पुष्ट गाला ।

४३. लामा र विशाल नेत्रहरू ।

४४. पञ्चप्रसाद (आँखाको तेज) युक्त नेत्रहरू ।

४५. परेलाको अग्र भाग माथितिर फर्केको ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

४६. मृदु तथा पातलो जिब्रो ।

४७. लामा लामा मनोहर कानहरू ।

४८. लट्टा नपरेको केश ।

४९. नजोल्टिएको केश ।

५०. छत्रजस्तै मनोहर शीर ।

५१. लम्बाइ र चौडाइले सुशोभित निधार ।

५२. सुसंस्थित आँखिभौं ।

५३. नरम आँखिभौं ।

५४. आँखिभौंका रौंहरूको क्रम मिलेको ।

५५. ठूला ठूला आँखिभौंहरू ।

५६. लामा लामा आँखिभौंहरू ।

५७. कोमल शरीर ।

५८. अत्यन्त सौम्य शरीर ।

५९. अत्यन्त उज्वल शरीर ।

६०. निर्मल शरीर ।

६१. कोमल शरीर ।

६२. स्निग्घ शरीर ।

६३. सुगन्धित शरीर ।

६४. एकनासे रौंहरू ।

Downloaded from http://www.dhamma.digital

६५. कोमल रौंहरू ।

६६. दाहिनेतिर घुम्रेका रौंहरू ।

६७. अञ्जनवर्ग समान छुट्टिएको रौंहरू ।

६८. स्निग्घ रौंहरू ।

६९. अत्यन्त सूक्ष्म आश्वास-प्रश्वास ।

७०. सुगन्धित मुख ।

७१. सुगन्धित शीर ।

७२. सुगन्धित केश ।

७३. दाहिनेतिर घुमेको केश ।

७४. राम्ररी बसेको केश ।

७५. स्निग्घ केश ।

७६. नरम केश ।

७७. नगुटमुटिएको केश ।

७८. बराबर मिलेको केश ।

७९. कोमल केश ।

८०. रत्नरञ्जित केतुमालजस्तै शीरको टुप्पो ।

**दस कुशल पुण्य क्रिया** = दस कुशल पुण्यक्रिया भन्नाले दस शुभ कामहरू बुझिन्छ जुन यस प्रकारका छन्-

Downloaded from http://www.dhamma.digital

१. दान = दान दिनु ,

२. शील = राम्रो आचरण ,

३. भावना = ध्यान भावना गर्नु ,

४. अपचायन = आफूभन्दा ठूलालाई आदर गौरव गर्नु ,

५. वेय्यवच्च = सफाई गर्नु ,

६. पत्तिदान = पुण्य दान दिनु,

७. पत्तानुमोदन = हर्षित भई अरूको पुण्य अनुमोदन गर्नु ,

८. धर्म श्रवण = उपदेश सुन्नु ,

९. धर्म देशना = आफूले सुनेको बुझेको उपदेश अरूलाई भन्नु बुझाउनु ,

१०. दिट्ठिजुकम्म = अन्धविश्वासमा नपर्नु ।

**अनुपादिशेष परिनिर्वाण** = कुनै शेष नराखी निर्वाण भएको तथा मनलाई क्लेश मुक्त गरी देह त्याग गर्नु । अन्तिम देह धारी जस्तै बुद्ध, प्रत्येक बुद्ध, श्रावक बुद्ध, अरहन्त ।

**श्रामणेर** = प्रव्रजित भएको तर बीस वर्ष नपुगेको, जसले १० शीललाई धारण गर्दछ र बुद्ध, धर्म, सङ्घको शरणमा गएको छ उनैलाई नै श्रामणेर भनिन्छ ।

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

ISDN : 99933-374-3-9

Downloaded from http://www.dhamma.digital